मोरङ जि..प्र.का.द.नं. २३९/०६९/७०

# जमर्को साप्ताहिक

JAMARKO WEEKLY

वर्ष १२, अंक २५, २१ माघ, आइतबार २०८० 4 February 2024, Sunday मूल्य रु. १५।-



# जन्मदिनमा एमाले परित्याग



जमर्को संवाददाता

**उर्लाबारी ।** नेकपा (एमाले) का संगठित सदस्य तथा सामाजिक अभियन्ता रुद्रबहादुर तामाङले पार्टी परित्याग गर्दै स्वतन्त्र रहेको घोषणा गरेका छन् ।

शुक्रबार आफ्नो जन्मदिनको अवसरमा उक्त घोषणा गर्दै सामाजिक कार्यकर्ता भएर अघि बढ्ने प्रण गरेका हुन् । युवा प्रतिभा प्रष्फुटन कोषका संयोजक तामाङले सामाजिक कार्यमा क्रियाशिल रहने बताएका छन् ।

# नेप्टी दर्जीले ७५ बर्षमा पाइन् नागरिकता

जमर्को संवाददाता

**लेटाङ ।** लेटाङ नगरपालिका वडा नं. ३ की नेप्टी दर्जीले ७५ बर्षको उमेरमा नेपाली नागरिता प्रमाण पत्र प्राप्त गरेकी छिन् । परिवार विहिन, घरवार विहिन उनको आफन्त कोही नभएपछि हालसम्म नागरिता विहिन हुनुपरेको थियो ।

बोल्न नसक्ने, कान नसुन्ने, शारिरिक रुपमा समेत अशक्त रहेकी नेप्टीलाई नागरिकताबाट बञ्चित हुँदा राज्यबाट उनले पाउने सेवा सुविधा समेत लिन पनि बञ्चित हुनुपरेको थियो ।

नेप्टी दर्जीको यो बिवसतालाई लेटाङ नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष डम्बरबहादुर राईले चाल पाए । उनलाई नेप्टी दर्जीलाई कसरी नागरिकता दिने भन्ने हुटहुटीले सतायो । यसका लागि वडाध्यक्ष



राई मोरङका प्रमुख जिल्ला अधिकारी समक्ष पुगे । प्रमुख जिल्ला अधिकारीले वडा अध्यक्षले नेप्टी दर्जीको नागरिकतामा सनाखत गरिदिए नागरिकता दिन मिल्ने बताएपछि मन हलुका बनाएर प्रक्रियाका लागि अघि बढे ।

मंगलबार मोरङका सहकायक प्रमुख जिल्ला अधिकारी तथा लेटाङ नगरपालिकाका पूर्व प्रमुख प्रसासकीय अधिकृत समेत रहेका प्रदिप शाहको हातबाट नेप्टी दर्जीलाई लेटाङ नगरपालिकाको परिसरमा

*बाँकी अन्तिम पृष्ठमा*

# विरामीको नाममा चन्दा उठाउने युवती पक्राउ

जमर्को संवाददाता

**लेटाङ ।** नक्कली बिरामीको नाममा सहयोग रकम उठाउँदै हिँड्ने २ युवती लेटाङमा पक्राउ परेका छन् । शनिबार लेटाङ बजारमा बिरामीको उपचारका लागि भन्दै रकम उठाउने अन्दाजी २० बर्षिया २ युवतीलाई लेटाङ ईलाका प्रहरीले पक्राउ गरेको हो ।

मोरङ्गको पथरी घर बताउने ती दुबै युवतीलाई अर्को दोस्रो ब्यक्तिले आफ्नो आमाको गम्भीर रोगका कारण उपचारमा बढी खर्च लाग्ने भन्दै सहयोग रकम उठाउन पठाएको बताए ।

उनीहरुका अनुसार ती ब्यक्ति मगर थरको रहेको र उनले यसैगरी अन्य ब्यक्तिहरु पनि विभिन्न ठाउँमा सहयोग रकम उठाउन पठाएको हुनसक्ने बताए ।

लेटाङ ईलाका प्रहरीका ईन्स्पेक्टर भिमलाल ओलीले अपराधिक गिरोहद्वारा ती युवतीहरु परिचालित भएको हुन सक्ने बताए । ओलीले सहयोगका नाममा उठाईने रकमको श्रोत पहिचान गर्न र सतर्क रहन आग्रह समेत गरेका छन् । सहयोग रकम उठाउन पठाउने ब्यक्तिको पनि खोजी भइ रहेको उनले बताए । यसरी रकम उठाउनेलाई शंका लागे प्रहरीलाई खबर गर्न समेत प्रहरीले आग्रह गरेको छ ।

पक्राउ गरिएका ती युवतीलाई अनुसन्धान पछी आइन्दा यस्ता काममा नलाग्ने सर्त सहित आफन्तको जिम्मा लगाईएको छ ।

# पानी छोएको भन्दै कुटपिट

**डोटी ।** होटलमा पानी छोएको आरोपमा एक दलित युवकमाथि आइतबार दिउँसो कुटपिट भएको छ । केआईसिंह गाउँपालिका-४ धामीगाउँ धाराखोलाका व्यापारी ईश्वर धामीले युवकलाई हातपात गरेका हुन् ।

केआईसिंह-४ लेककोटका रमेश भुललाई खाजा खान होटलमा गएका बेला दलितले पानी किन छोएको भन्दै धामीले थप्पड हानेका थिए । ६० वर्षीय धामीविरुद्ध जातीय छुवाछुत तथा विभेद गरेको आरोपमा पीडित पक्ष न्यायका लागि प्रहरी कहाँ गएका छन् ।

पीडित रमेश भूलले

*बाँकी ४ पृष्ठमा*

# जनप्रतिनिधिको टकरावले कार्यालय सहयोगी निलम्बित

जमर्को संवाददाता

**कानेपोखरी ।** मोरङको कानेपोखरी गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षबीचको टकरावको मारमा कार्यालय सहयोगी परेका छन् । अध्यक्ष राजमति इङ्नाम र उपाध्यक्ष भोलाप्रसाद अधिकारीबीच भएको विवादको मारमा निमुखा कर्मचारी परेका हुन् ।

केही दिनअगाडि बसेको कार्यपालिका बैठकमा उपाध्यक्ष अधिकारी र पालिकाका प्रवक्ता रहेका २ नम्बर वडाका अध्यक्ष सुशील बुढाथोकीबीच चर्काचर्की परेको थियो । अध्यक्षको कार्यकक्षमा बसेको बैठकमा विवाद बढ्दै जाँदा उपाध्यक्ष अधिकारीले सिसाको टेबुलमा मुड्की बजारेर फुटाएका थिए । उपाध्यक्षले मुड्कीले हानेको टेबल मर्मत गर्दा कार्यालय सहयोगी पदमप्रसाद भट्टराई निलम्बनमा परेका हुन् ।

आफू बाहिर भएको बेला अनुमतिविना आफ्नो कार्यकक्षको ढोका खोलेको भन्दै कार्यालय सहयोगी भट्टराईलाई अध्यक्ष इङ्नामले निलम्बन गरेकी हुन् । निलम्बनको कारण कार्यालय जान नपाएका उनी गुजारामै समस्या आउने तनाबमा छन् । गाउँपालिका स्रोतका अनुसार उपाध्यक्षले फुटाएको सिसा फेर्न अध्यक्ष इङ्नामले मानेकी थिइनन् । उनले कार्यकक्षमा आएका सबैलाई उपाध्यक्षज्यूले फुटाइदिएको सिसा भनेर देखाउने गरेकी थिइन् । अध्यक्ष इङ्नाम तेह्रथुम गएको बेला गत बिहीबार उपाध्यक्ष अधिकारीले कार्यालय सहयोगी भट्टराईलाई त्यही सिसा बनाउन निर्देशन दिएर फेर्न लगाएका थिए ।

तेह्रथुमको लालिगुराँस नगरपालिकामा केहि वडाध्यक्षहरूलाई लिएर अध्यक्ष इङ्नाम गएपछि उपाध्यक्ष अधिकारीले टेबलको सिसा फेराएका थिए । अध्यक्षले कार्यकक्षको ताला नखोल्न निर्देशन दिएकोले उनको सचिवालयमा बस्ने कार्यालय सहयोगीले सुरुमा ताला खोल्न मानेका थिएनन् ।

उपाध्यक्षले सिसा फुटाएपछि आफ्नो अनुमतिबिना कार्यकक्ष नखोल्न उनले सचिवालयका कर्मचारीलाई निर्देशन दिएकी थिइन् । 'उपाध्यक्षले भनेपनि नखोल्न भनेर अध्यक्षज्यूले भन्नुभएको थियो,' कार्यालय सहयोगी भट्टराईले भने 'तर, उहाँहरू नभएको दिन उपाध्यक्षले

*बाँकी अन्तिम पृष्ठमा*

# सिमसार क्षेत्र आयआर्जनको माध्यम हो: *मन्त्री उप्रेती*

जमर्को संवाददाता

**पथरी ।** कोशी प्रदेशका पर्यटन, वन तथा वतावरणमन्त्री गणेश उप्रेती 'सुशील' ले पर्यावरणलाई स्वच्छ बनाउन सिमसार क्षेत्रको संरक्षण एवम् सम्वर्द्धन गर्नुपर्ने बताएका छन् । शुक्रबार मोरङको पथरीशनिश्चरेमा विश्व सिमसार दिवस-२०८० को अवसर पारेर आयोजना भएको कार्यक्रममा बोल्दै मन्त्री उप्रेतीले यस्तो बताएका हुन् ।

'सिमसार र मानव कल्याण' प्रमुख नाराकासाथ डिभिजन वन कार्यालय र शान्ति सामुदायिक वन उपभोक्ता समूह पथरी शनिश्चरेले आयोजना गरेको कार्यक्रममा बोल्दै मन्त्री उप्रेतीले सिमसार क्षेत्र आयआर्जनको माध्यम भएको बताए । 'सिमसार क्षेत्र आयआर्जनको एउटा माध्यम हो, यसैले यसको दोहन होइन, संरक्षण हुनुपर्छ,' उनले भने, 'जंगल र जंगलसँग जोडिएको सिमसारले पृथ्वीलाई संकट हुनबाट बचाउँछ ।'

मन्त्री उप्रेतीले सिँचाइको मूल स्रोतको रूपमा रहेको सिमसारले जलचर तथा उभयचरलाई प्राण दिइरहेको चर्चा गर्दै यसको संरक्षणमा मन्त्रालयले आवश्यक कार्य गरिरहेको जानकारी दिए ।

यसैगरी, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव



विशाल घिमिरेले प्राकृतिक सम्पदा सिमसारलाई दीगो रूपमा संरक्षण गरी यसबाट लाभ लिन सक्नुपर्ने बताए । 'जमिन लक्दैन, पानी सुक्दैन' त्यसैले सिमसारको महत्व छ,' उनले भने, 'प्रकृतिलाई बचाउन सकिएन भने भावी सन्ततीले प्राकृतिक संकट बेहोर्छ ।'

पथरी शानिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापोले सिमसारले गर्दा प्राकृतिक प्राणीलाई बाँच्न एवम् चरण गर्न सजिलो हुने भएकाले यसको संरक्षण एवम् प्रवर्द्धन गर्न नगरपालिकाबाट सक्दो सहयोग गर्ने बताए ।

डिभिजन वन कार्यालय मोरङका प्रमुख विष्णुलाल घिमिरे र झापा डिभिजनका प्रमुख मेघराज रायले पाँच प्रतिशत सिमसारले ओगटेको हाम्रो भूभागलाई प्राकृतिक सौन्दर्यता दिन सिमसारले महत्वपूर्ण कार्य गरिरहेको बताए ।

# बचतकर्ताको रकम लिएर फरार रहेका साह पक्राउ

जमर्को संवाददाता

**पाँचथर ।** सर्वसाधारणको डेढ अर्ब रुपैयाँ ठगीका आरोपित सप्तरीको राजविराजका डम्बर बहादुर शाहलाई प्रहरीले पाँचथरको फिदिमबाट पक्राउ गरेको छ ।

ताप्लेजुङमा अवस्थित पाथीभरा देवीको दर्शन गरेर फर्किदै गरेका शाहलाई जिल्ला प्रहरी कार्यालय पाँचथरको टोलीले पक्राउ गरेको हो ।

उनीविरुद्ध ३४ जना सर्वसाधारणले अनलाइनबाट ठगीको आरोपमा जोहरी दिएका छन् । 'उद्गम भेन्चर' बित्तीय कारोबार गर्ने फर्मका सञ्चालक शाहको अनलाइन मार्फत् सामग्री पठाएको भन्दै सर्वसाधारणलाई पैसा पठाउन लगाएर ठगी गर्ने गिरोहसँग कनेक्सन रहेको भेटिएपछि शाहलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी निरीक्षक निर्मल थापाले जानकारी दिए ।

दुई वर्षको अवधिमा उनले डेढ अर्बको कारोबार गरेको पुष्टि भएको उनको भनाइ छ । 'विभिन्न जिल्ला स्थायी ठेगाना भएर काठमाडौं बसोबास गर्दै आएका ३४ जना सर्वसाधारणले अनलाइन मार्फत् सामान पठाइदिन्छौं भन्दै ठगी गरेको पाइएपछि अनुसन्धान गर्दा ठगीमा संलग्न व्यक्तिहरुले शाहको खातामा विभिन्न माध्यमबाट पैसा पठाएको पाइयो । पछिल्लो दुई वर्ष यता ३४ वटा खाताबाट डम्बरको खातामा डेढ अर्ब पैसा डिपोजिट भएको पुष्टि भएको छ,' थापाले भने ।

अनलाइन ठगीमा संलग्न समूहले पार्सल हिडिसकेको, चिट्ठा परेको र अर्डरको सामान पठाइ सकिए पनि भन्सारले सामान रोकेको जस्ता बहाना बनाएर ३४ सर्वसाधारणलाई ठगेको बताइएको छ । ३४ वटा जाहेरी उपर अनुसन्धान गर्दा शाहले चारवटा विकल्प दिएर ठगीमा संलग्न आरोपीहरूको रकमको कारोबार गर्ने गरेको पनि प्रहरीको भनाइ छ ।

आफ्नो खातामा जम्मा भएको पैसालाई क्रिप्टोमा रूपान्तरण गर्दै नगद चाहिनेलाई नगद र खातामा राख्न चाहनेलाई उनले राख्ने सुविधा दिँदै आएका थिए । सो बापत उनले कमिसन समेत लिने गरेको खुलेको प्रहरी निरिक्षक थापाले बताए । अनलाइन ठगीमा संलग्न गिरोह बारे समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**यसैगरी**, बचतकर्ताहरूको १ अर्ब ७० करोडभन्दा बढी बचत हिनामिना गरेर एक सहकारी सञ्चालक फरार भएका छन् । ललितपुरको कुमारीपाटीमा रहेको कृषि विकास बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष तेजविक्रम थापा बचत रकम हिनामिना गरेर फरार भएका हुन् ।

करिब ५०० जना बचतकर्ताले दुई वर्षदेखि बचत गरेको उक्त रकमको सावा तथा ब्याज समेत नदिई अपचलन गरी फरार भएका हुन् । उनीसँगै उनकी श्रीमती समेत रहेकी सहकारीकी व्यवस्थापक सन्जना राजकर्णिकार समेत फरार भएकी छिन् ।

उनीहरूका विरुद्धमा बचतकर्ताहरूले जिल्ला प्रहरी परिसर ललितपुरमा उजुरी दिएका थिए । त्यसपछि दुवै जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

जिल्ला प्रहरी परिसर ललितपुरका एक अधिकारीले दुवै जनाविरुद्ध पक्राउ पुर्जी जारी भएर खोजी कार्य भइरहेको बताए । बचतकर्ताहरूले उनीहरू दुवै जनासँग सञ्चालक तथा कर्मचारीहरूविरुद्ध समेत उजुरी दिएका छन् ।

एक बचतकर्ताले दुई वर्षदेखि जम्मा गरेर राखेको ८४ लाख रुपैयाँको सावा र ब्याज दुवै नपाएको बताए । 'माग्न जाँदा सुरुमा भोली भोली भन्दै टार्दै गए । पछि अचेल त सम्पर्कमै छैनन् । हामीले सामूहिक रूपमा प्रहरीमा उजुरी दिएको थियौं । पक्राउ पुर्जी समेत जारी भएको छ । तर, उनीहरू पक्राउ परेका छैनन्' ती बचतकर्ताले भने ।

पैसा माग्दा नदिएपछि बचतकर्ताहरूले सङ्घर्ष समिति नै गठन गरेर आन्दोलन थालेका थिए ।




*महिला सबैलाई मन पर्छ तर उसको स्वतन्त्रता कसैलाई मन पर्दैन । – **ओसो***

## सम्पादकीय ....

# वन्य जन्तु संरक्षण गर

*हप्तादिन अघि हिउँ चितुवा मोरङको उर्लाबारीमा एक्कासी देखा पऱ्यो । प्राकृतिक वासस्थान छाडेर गाउँ पसेको अन्दाजी ४० किलोग्राम तौलको  चितुवाको उद्वार गरी चिडिया खाना पुऱ्याई  एसीमा राखिएको छ ।*

*हिमाली क्षेत्रमा पाइने हिउँचितुवालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ ( आईयूसीएन) ले समेत 'रातो सूची' मा संकटग्रस्त वर्गमा राखेको छ । उच्च हिमाली क्षेत्रमा पाइने दुर्लभ हिउँचितुवा तराई ( समुद्री सतहदेखि १५० मिटर उचाइ) मा फेला पर्दा संरक्षणकर्मीसमेत आश्चर्यमा परेका छन् ।*

*चिसो मौसम भएकाले आहाराको खोजी गर्दै उक्त हिउँचितुवा तल (तराई झरेको हुन सक्छ । यति मात्रै होइन, विगत तीन महिनादेखि  पूर्वी नेपालका झापा, मोरङ र सुनसरीमा हात्तीले ठूलो जन धनको क्षती  पुऱ्याएको छ । हरेक वर्ष बाँदर, बँदेल र अन्य वन्यजन्तुले किसानको बालीनाली क्षती गर्नुका साथै मानवीय क्षति पुऱ्याइरहेका छन् ।*

*यो सब हामी मानवको दैनिक कृयाकलापका कारणले ने भइरहेको छ । वन्य जन्तुको बासस्थान वन जंगल मासेर हामीले आवदी गरिरहेका छौं । उनीहरुले बाँच्नका लागि खाने आहारा हामीले नै खोसेर खाएका छौं । पहिले पहिले वनमा बाँदर झुल्ला, ज्यामुना, क्यामुना, अँगेरी, वन कुसुम, वन आँप, वन केरालगायत कयौं फलहरु वनमा सहजै पाइन्थ्यो । आजभोली यी फल औषधीको रुपमा खोजी गर्दा पनि पाइन छाडेको छ । सबै मानिसले नै खाइदिएका छन् । त्यसको पुनर्उत्पादन रोकियो, फलेका फल पनि पाक्न नपाई नास गरिदिएका छन् । बोटै मासिदिएका छन् । अनी ती वन्य जन्तुले के खाएर बाँच्ने ? रुखै मासिदिएपछि के मा ओत लाग्ने ? अनी ती जंगली जनावरहरु गाउँ नपसेर कहाँ पस्छन् त ? यो सव विनास हामी मानवले नै निम्त्याएका हौं ।*

*वन्य जन्तुको बासस्थान मासेर मानव बस्ती  बसाल्ने, उनीहरुले खाने आहारा खोसेर, मासेर उजाड बनाउने आदि इत्यादि कारणले वन्य जन्तु वनबाट बस्तीतिर खानेकुरा र सुरक्षित बासस्थान खोज्दै आएका हुन् । उनीहरुलाई अहिले सुरक्षित बासस्थान र आहारा चाहिएको छ । हामी वन्य जन्तुले गरेको मानवीय र भौतिक क्षतिको विवरण संकलन गरेर बसेका छौं, न कि उनीहरुको जीवन जिउने व्यवस्थाको बारेमा सोचेका छैनौ ।*

*अब वन्यजन्तुको क्षति न्युनिकरण गर्ने हो भनें वन क्षेत्रमा उनीहरुले मन पराउने फलफुलका विरुवा रोपेर, उनीहरुले मन पराउने घाँसपातका विरुवार रोपेर संरक्षण पनि गर्नु पर्दछ । तत्कालका लागि भनें उनीहरुलाई सुरक्षानुभुति हुने गरी वन क्षेत्र छोडिदिनु नै उपयुक्त हुन्छ । बस्तीमा आएका वन्यजन्तुलाई कुनै किसिमको असर नपुऱ्याइ उनीहरुकै बासस्थानमा पुऱ्याउनु नै हामी सबैको दायित्व र कर्तव्य हो । त्यसतिर सबैले ध्यान दिनु जरुरी छ ।*

# विद्यालय शिक्षा नै विकासका सबै पक्षको स्तम्भ हो



गीता श्रेष्ठ

कुनै पनि मुलुकको विकासको आधार त्यहाँको शैक्षिक पद्धति, सिकाइ अभ्यास र नैतिक, सामाजिक गुण र उच्च चरित्र विकासका लागि गरिने प्रशिक्षण हो । यसका लागि विद्यालय शिक्षा सर्वाधिक महत्वपूर्ण हुन्छ । विद्यालय शिक्षाकै धरातलमा टेकेर जो कोही उच्च शिक्षा हासिल गर्दै दक्ष बन्छ । यसर्थ विद्यालय शिक्षा मुलुकको समग्र क्षेत्रको विकासका लागि मेरुदण्ड हो ।

विद्यालयमा दिइने नैतिक, सामाजिक, आर्थिक, वातावरण संरक्षण, आफ्नो मौलिक कला, संस्कृति, भाषा, साहित्य र इतिहासको शिक्षा आजका बालबालिकालाई देशप्रति गौरव गर्ने, जिम्मेवार बनाउने र उद्यमशील बनाउने महत्वपूर्ण पाटो पनि हो । आज विकसित भनिएका मुलुकको शिक्षण पद्धति र अभ्यासलाई हेर्ने हो भने यो कुरा छर्लङ्ग हुन्छ । हुन त विगतमा नेपालको शिक्षामा नैतिक, सामाजिक, वातावरण शिक्षालाई उच्च महत्व दिइन्थ्यो । शिक्षा आत्मनिर्भर, आत्मगौरव र राष्ट्रिय भावनाको विकास गराउन केन्द्रित थियो । मुलुकले भौतिक रूपमा सोचे जस्तो विकास गरेन । यो एउटा पाटो हो । आजको सामाजिक अवस्था र विगतलाई हेर्दा अत्यासलाग्दो स्थिति छ । हिजोका दिनमा 'ठूलो भएर के गर्ने ?' भन्ने प्रश्न गर्दा 'सिपाही बनेर देशको सेवा गर्ने' भन्ने बालबालिका थिए भने आज त्यही प्रश्न गर्दा 'बाह्र सकेपछि विदेश जाने' भन्ने निराशापूर्ण उत्तर आउँछ ।

यसको प्रमुख कारण गलत शिक्षा पद्धति, अभ्यास, जिम्मेवारीविहीन, नाफामुखी र दलगत रूपमा कार्यकर्ता पाल्ने राजनीतिमुखी शिक्षा प्रणालीको परिणाम हो । शिक्षक जिम्मेवारीबोध गरी विद्यालयमा अध्यापन गराउनुको साटो दलको झोला बोक्नुमा गौरव गर्छन्, शिक्षक हुनुको गौरवबोध गर्नुको साटो रोजगारीको एउटा सामान्य अवसर मात्र ठानेर जिम्मेवारी नलिँदाको परिणाम अहिलेको बिग्रँदो अवस्था हो । बालबलिकालाई शिक्षाको नाममा बोझ मात्र थपिएको छ, किताबी रटानमा व्यस्त पारिएको छ । यो नै अहिलेको सबै समस्याको कारण हो ।

विश्वका धनी र सम्पन्न मुलुकको शिक्षा पद्धतिले नै त्यहाँको विकास, समृद्धि, जनताको खुसी र सुशासनलाई बढावा दिइरहेको छ । मानव कल्याणका अनेक पक्षलाई शिक्षासँग जोडिएको छ । यसको अर्थ ती मुलुकमा सबै ठिक छ भन्ने त होइन तर यहाँको जस्तो पनि छैन । शिक्षा भनेको अक्षर चिन्ने मात्र होइन, व्यवहारिक ज्ञान र अभ्यास पनि चाहिन्छ भन्ने मान्यताले युरोपदेखि अमेरिका हुँदै एसियाका समृद्ध मुलुकहरूमा जरा गाडेको छ । त्यहाँको शिक्षा पद्धति जगदेखि व्यवहारिक, सिप र ज्ञानमूलक हुने गरेको छ ।

जस्तो कि एक दशकदेखि विशिष्ट शिक्षा प्रणाली भएका मुलुकको सूचकाङ्कमा विश्वको पहिलो नम्बरमा रहन सफल मुलुक फिनल्यान्ड आजभोलि नेपालीको पनि अध्ययनको मुख्य गन्तव्य बन्दै आएको छ । यो मुलुकको शिक्षा पद्धति विश्वमै उदाहरणीय छ । फिनल्यान्डमा किताबको पानामा घोके, घोकाइएको भन्दा आफैँले खुद अभ्यास गरेको शिक्षा दिगो र प्रभावकारी हुन्छ भन्ने मान्यताका साथ सैद्धान्तिकभन्दा बढी व्यवहारिक सिकाइको वातावरण सिर्जना गरिन्छ । बालबालिकाको क्षमता प्रमाणपत्रले होइन, उसको शारीरिक तथा मानसिक चुस्तताले निर्धारण गराउने लक्ष्यसहित त्यस्तै वातावरण सिर्जना गरिन्छ ।

फिनल्यान्डको शिक्षा पद्धतिले भन्छ, "बच्चालाई बच्चा नै हुन देऊ ।" प्रशस्त खेलेको, आफैँमा कौतुहलता जागेको बच्चा जिम्मेवार, तेजिलो र सृजनात्मक हुन्छ । त्यसैले त्यहाँ बच्चालाई सात वर्षपछि मात्र स्कुल भर्ना गरेर औपचारिक शिक्षा दिइन्छ । शिशु कक्षामा केवल खेलाइन्छ, बच्चाले खेल्दाखेल्दै अंङ्क, अक्षर चिन्न, आफैँले खान, जुत्ता, कपडा लगाउन फुकाल्न, आफ्नो सामानको जतन गर्न, एक्लै तथा साथीभाइसँग सामूहिक काम गर्न, दैनिक जनजीवनमा आइपर्ने काम, कठिनाइ, समस्या समाधान गर्न अभ्यस्त भइसकेको हुन्छ ।

यो पद्धति वास्तवमा पूर्वीय अभ्यास नै हो । गुरुकुलीय शिक्षा पद्धतिमा औपचारिक शिक्षाका लागि एउटा निश्चित उमेर तोकिएको छ । पूर्वजले व्रतबन्धपश्चात् मात्र औपचारिक शिक्षा दिइने प्रचलन यसैको उपज हो र हामीले यसलाई दुत्कार्दै गयौँ, पश्चिमाले अँगालेर अपनाए, अभ्यास गराए । परिणाम हाम्रो शिक्षा पद्धति राजनीतिक दलका कार्यकर्ता उत्पादन र विदेशीका लागि श्रमिक जन्माउने कारखाना बनायौँ । उनीहरूले आफ्नो देशको गौरव बढाए, समृद्धिको सोपान ठड्याए ।

युरोपको कुरा गर्नै पर्दैन । विगतमा विश्वकै सबभन्दा गरिब मुलुकमा गनिने दक्षिण एसियाको सानो देश भुटानलाई लिए पुग्छ । एक दशकदेखि भुटानले अपनाएको शिक्षा पद्धतिले त्यहाँको विकासले गति लिएको छ । विश्वकै सर्वाधिक खुशी मानिसमध्येमा भुटानी परेका छन् । यसको कारण एउटै छ- त्यहाँको शिक्षा पद्धति । भुटानमा बालबालिकालाई सानो कक्षादेखि नै वातावरण संरक्षण, नैतिक-सामाजिक तथा आधारभूत कृषि प्रविधिका विषय सिकाइन्छ । राम्रो नम्बर ल्याउने मात्र होइन कि राम्रो मानिस बन्ने कुरालाई पनि उत्तिकै महत्वका साथ सिकाइन्छ । सामाजिक, नैतिक, वातावरण शिक्षाका साथ आफ्नो मुलुकको धर्म, संस्कृति र इतिहासलाई उच्च प्राथमिकता दिएर अध्यापन गराइन्छ । यसैले आज भुटान एक दशकमै समृद्ध मुलुकको बाटोमा दगुरिइरहेको छ ।

यसको विपरीत आधुनिक शिक्षा प्रणाली अपनाएको भनिएको नेपालमा आधुनिकताको नाममा अङ्ग्रेजी भाषा, विदेशी पाठ्यक्रमलाई बढी जोड दिँदा आफ्नोपनको खिल्ली उड्यो । अहिले नेपाली तत्वको भावना नै हराउँदै गयो । यसलाई सुधार्न नसकिने होइन । केवल एउटा कानुनी संरचनामा परिवर्तन गरिदिँदा शिक्षा पद्धतिले छलाङ मार्ने छ । यो अवसर अहिले सांसदहरूलाई छ । सरकारले विद्यालय शिक्षा सुधार ऐन संशोधन गर्न बनेको विधेयक संसदमा दर्ता गरेको छ र यसमाथि विषयगत समितिमा व्यापक छलफल भइरहेको छ ।

विद्यालय शिक्षा सुधार्ने र मुलुकका युवालाई विदेशीको श्रम मेसिन बनाउने हैन कि स्वदेशकै खम्बा बनाउने नीति अब बन्नु पर्छ । यसका लागि चाहिन्छ राजनीतिक दलमा दृढ इच्छाशक्ति । उनीहरूले हिम्मतका साथ प्रतिबद्धता जनाउनु पर्छ कि विद्यालयमा राजनीति नगर्ने भनेर । शिक्षकको वर्गीय सङ्गठनका रूपमा एउटै मात्र सङ्गठन खोल्न, दलपिच्छेका शिक्षक सङ्गठन बन्द गर्ने, शिक्षक राजनीतिक दलको सदस्य बन्न नपाउने, विद्यालय व्यवस्थापन समितिमा राजनीतिक दलका प्रतिनिधि नभएर शिक्षा बुझेका, समाज चिनेका र बालबालिकाको मनस्थितिको अध्ययन गर्न सक्ने व्यक्तित्वलाई पुऱ्याउनु पर्छ ।

विद्यालय शिक्षा सुधार ऐनमा समेटिनुपर्ने विषय भनेको शिक्षाको दर्शन प्रमुख रहेको छ । शिक्षा मुलुक रूपान्तरणको मेरुदण्ड हो भन्ने मान्यताका साथ सुशासन, विकास र राष्ट्रिय गौरवलाई ऐनको दर्शन बनाउनु अहिलेको आवश्यकता हो । वर्तमान अभ्यासमा शिक्षामा पक्ष-विपक्ष खडा भएको छ । विद्यालयमा पनि विद्यार्थीको राजनीतिक दल छ । शिक्षक र प्राध्यापकमा पनि राजनीतिक दल बनाइयो । यसले गर्दा शिक्षक र विद्यार्थीको सम्बन्ध विशुद्ध शैक्षिक गतिविधिमा मात्र सीमित नरही राजनीतिक आस्थाका आधारमा व्यवहार हुन थालेकैले अहिलेको नाजुक अवस्था सृजित भएको हो ।

ऐनमा दलहरूले साझा प्रतिबद्धताका साथ अब त्यो गर्दैनौँ भनी वाचा गर्न आवश्यक छ । ऐनमै

बाँकी ४ पृष्ठमा

*विश्वका धनी र सम्पन्न मुलुकको शिक्षा पद्धतिले नै त्यहाँको विकास, समृद्धि, जनताको खुसी र सुशासनलाई बढावा दिइरहेको छ । मानव कल्याणका अनेक पक्षलाई शिक्षासँग जोडिएको छ । यसको अर्थ ती मुलुकमा सबै ठिक छ भन्ने त होइन तर यहाँको जस्तो पनि छैन । शिक्षा भनेको अक्षर चिन्ने मात्र होइन, व्यवहारिक ज्ञान र अभ्यास पनि चाहिन्छ भन्ने मान्यताले युरोपदेखि अमेरिका हुँदै एसियाका समृद्ध मुलुकहरूमा जरा गाडेको छ ।*

# अब पनि मैदाको विकल्प नखोजे मानव स्वास्थ्य खतरामा



सुरज पराजुली

घडीको सुई दिउँसोको १ बजेबाट उता नाघेपछि भोकले सताउन थाल्छ । यो भोकको निवारण गर्न अधिकांश कार्यालयहरूले समय नै छुट्याएका हुन्छन् । भोक लाग्नासाथ हरकोहीको मनमा एउटा प्रश्न खेलिहाल्छ 'आज खाजा के खाने ?'

र, यसको तयारी जवाफ हो 'मैदा ।'

'भोक त अरूबेला पनि लाग्छ नि' भन्ने तपाईँलाई लाग्न सक्छ । दिउँसोको भोक र त्यसको निवारण खोज्ने क्रममा मैदाको आधिपत्यबारे झल्याँस्स भएको हुनाले समय नै तोकेको हुँ । कार्यालयले छुट्याएको समयमा टाढा-टाढासम्म फरक खाजा खोज्दा पनि मैदा नै भेटिएको या रोज्न बाध्य भएको यथार्थले मलाई निकै समयदेखि चिमोटिरहेको थियो ।

हामीलाई याद नभएको हुनसक्छ अथवा याद नगरेजस्तो गरेका हुन सक्छौँ । विडम्बना के छ भने बिहान उठ्नासाथ हाम्रो दिन मैदाबाट सुरु भइदिन्छ । थरीथरीका बिस्कुट, पाउरोटी, दुनोट या समोसा समाउन चाहन्छौँ । मौका पाउनासाथ अरूलाई स्वास्थ्यको सल्लाह दिन तम्तयार हामी आफ्नै खान्कीमा भने उति ध्यान दिँदैनौँ । विभिन्न किसिमका अस्वस्थ खाद्य पदार्थलाई सजिलै हाम्रो भान्सामा प्रवेश गराउँछौँ ।

गाउँघरका मौलिक खाजाहरूमाथि मैदाजन्य खाद्य पदार्थले अतिक्रमण गरिसकेका छन् । 'जति मेन्यु हेरे पनि आखिर रोज्ने मःम र चाउमिन नै हो ।' यो भनाइ निकै चर्चित छ । मैदाले कसरी हाम्रो रोजाइमा समेत सीमितता ल्याइदिएको छ, यसले सजिलोगरी बुझाउँछ । हुन त बजारमा फलफूल, मकै, चना, अण्डा, सुख्खा रोटी, नेवारी खाजा जस्ता खानेकुरा पनि उपलब्ध छन् । तर मैदाको स्वादमा लिप्त भएको जिब्रो अन्त्यमा त्यही रोज्न बाध्य हुन्छ । यही कुरालाई बुझेर होला देशकै ठूला उद्योगपतिले यसलाई मुख्य व्यापार बनाए ।

कुनै पनि किसिम या स्तरको खाजा घरमा गएर अथवा नगएर पनि हामी मैदाको सिकार भइदिन्छौँ । सामान्य खाजा घरमा गएर खाएको मःम, चाउमिन होस् या ठूला रेस्टुराँमा गएर खाने पिज्जा, बर्गर सबै मैदाकै परिकार हुन् । समोसा, निम्की होस् या लाफिङ ।

'आज त नान खाऊँ' भन्दा पनि मैदा, 'होइन बिस्कुट नै टोकम' भन्दा पनि मैदा । पानीपुरी, दुनोट, केक सबै मैदाकै परिकार हुन् । यति मात्र होइन मैदाबाट सेलरोटीसम्म बन्न थालेका छन् । यता क्षणिक स्वादले उता दीर्घ असर पुऱ्याउन सक्छ । कसरी... ?

मैदा गहुँको माथिल्लो पत्र उप्काएर बनाइन्छ । जसमा कुनै फाइबर हुँदैन । क्याल्सियम पेरोअक्साइड, क्लोरिन, क्लोरिन डाइअक्साइड जस्ता रसायन प्रयोग गरेर मैदालाई सेतो बनाउने काम गरिन्छ । जसले शरीरलाई हानि पुऱ्याउँछ । मैदाजन्य परिकार मानव पाचन प्रणालीलाई पचाउन गाह्रो हुन्छ । यसले पेटको रोग निम्त्याउनुका साथै कब्जियतको समस्या समेत हुन्छ ।

यो कोलेस्ट्रोल र रगतमा ट्राइग्लिसराइडको स्तर बढाउने र सुगर लेभल तथा मधुमेहको कारक पनि बन्न सक्छ । यसमा प्रयोग हुने बेन्जोइल पेरोअक्साइड नामक रसायनले क्यान्सर समेत निम्त्याउन सक्ने जानकारहरू बताउँछन् ।

घुम्दै फिर्दै रुम्जाटार भने झैँ खाजा खोज्दै जाँदा हामी अन्ततः मैदाकै शरण पर्नुपर्ने अवस्था छ । मानव इतिहासमा पिठो बनाउने प्रक्रिया ३२ हजार वर्ष पहिला सुरु भएको हो । मैदाको प्रयोग भने करिब ५ हजार वर्षबाट भएको देखिन्छ । यद्यपि यसको बृहत् प्रयोग हुन थालेको भने केही वर्ष अघिबाट मात्र हो । छोटो समयमा नै यसले धेरै देशका मानिसहरूलाई आफ्नो दास बनाएको छ भन्दा फरक पर्दैन ।

केही वर्ष अघिसम्म खाजाको रूपमा मैदाको प्रयोग कम हुने गरेको सम्झना मलाई छ । मौसम अनुसारका फलफूल, तरुल, इस्कुस, सखरखण्ड, आलु, चना, मकै, पुवा, खिर, भुटी भात खाएको याद छ । तर बिस्तारै पसलहरूमा बिस्कुट, चाउचाउ, सिन्के थुक्पा लगायतका परिकारहरू भेटिन थाले । यी तयारी खाजाले मैदाको बानी मात्र बसाएनन्, स्वस्थ खाजा बनाउने जाँगर समेत मेटाए । जिब्रोलाई स्वादे मात्र होइन, तिघ्रोलाई अल्छी पनि बनायो ।

इन्स्ट्यान्ट नुडल्स र फास्ट फुडको बढ्दो बजार मैदाले नै फैलाएको साम्राज्य हो । अहिले देखिएका विभिन्न रोगका मुख्य कारक पनि यस्तै अस्वस्थ खानेकुरा हुन् । यस्ता खानेकुराले विभिन्न समुदायका परम्परागत खानेकुरालाई समेत लोप बनाउँदै लगेको छ । टुँडिखेलमा आयोजना हुने विभिन्न सांस्कृतिक महोत्सवमा लागेका स्टलहरू हेर्दा पनि परम्परागत खानेकुरा लोप हुँदै गएको देख्न सकिन्छ । यस्तै सांस्कृतिक महोत्सव घुम्न जाने क्रममा मैले उपस्थित धेरै मानिसहरूलाई उनीहरूको रैथाने खानेकुराको बारेमा सोधेको थिएँ । जसको उत्तर उनीहरूसँग थिएन । अधिकांश स्टलका मालिकहरूले पनि यिनै हुन् भनी तारेको/पोलेको मासु, चाउमिन, मःम बाहेक केही बताउन सकेनन् ।

यसरी पसल हुँदै घरको भान्सासम्म आइपुगेका मैदाजन्य परिकारले हामीलाई चपाउँदै गएका छन् । जिब्रो हुँदै मस्तिष्कमा पुगेर राज गरिरहेका छन् । यथाशीघ्र यसको विकल्पमा ध्यान नदिए मानव सभ्यताको स्वास्थ्य चिन्ताजनक अवस्थामा पुग्ने कुरामा कुनै दुईमत छैन । आफ्नो स्वास्थ्यको चिन्ताले होला केही दिनबाट म चाहिँ फलफूल, चना आलु, अण्डा, मकै, बारातिर लागेको छु ।

तपाईँहरू आज खाजामा के लिँदै हुनुहुन्छ? त्यही मैदा !

# प्रत्येक नागरिकले माघ १९ सम्झिरहनुपर्छ



विष्णु रिजाल

माघ १९ अर्थात् ज्ञानेन्द्र शाहले २ सय ४० बर्ष पुरानो राजतन्त्रको खुट्टामा बञ्चरो हानेको दिन । १९ बर्षमा वागमतीमा धेरै पानी बगिसकेको छ । त्यस कदमका बारेमा थुप्रै पुस्तक लेखिएका छन्, विश्लेषण भएका छन्, अनभुवहरु बहिर आएका छन् । त्यसबेला जन्मिएको बच्चा आज वयस्क नागरिक भइसकेको छ । ज्ञानेन्द्रको निरंकुशता र मूर्खता नदेखेका, देखेर पनि बुझ पचाएका, मूल धारका दलहरुसँग रिस उठेका र धमिलो पानीमा माछा मार्न सकिन्छ कि भन्ठान्नेहरुले फेरि तिनै ज्ञानेन्द्रको सत्ताको कुरा उठाउँदा माघ १९ भुलेको भान हुन्छ । आफ्नै कारणले पतन भएको राजतन्त्रलाई इतिहासको चक्र उल्टो घुमाएर पुनःस्थापित गर्न सकिन्छ भन्ने भ्रम उत्पन्न गर्न खोजिएको बेला माघ १९ को मात्रै स्मरण गर्दा पनि त्यस संस्थाले कसरी आफ्नो सान्दर्भिकता गुमाएको थियो भनेर बुझ्न सकिन्छ ।

सभा-भेलामा प्रतिबन्ध, टेलिफोन सेबा बन्द, पत्रपत्रिकामाथि सेन्सर, दलहरुका क्रियाकलापमा रोक, निर्दलीय सरकार गठन, राजाद्वारा आफैं अध्यक्षता ग्रहण जस्ता २१ औं शताब्दीमा अकल्पनीय र असभ्य काम गरेकै कारण राजा भएको सात बर्षमै ज्ञानेन्द्र नारायणहिटीबाट निष्काशित हुनुपरेको तथ्य पुरानो भएको छैन । निकट इतिहासको यति सपाट तस्वीर सामुन्नेमा हुँदाहुँदै तिनै ज्ञानेन्द्रको शासन फर्किन्छ भन्नुलाई दिउँसै रात पार्ने कुरासँग तुलना गर्दा पनि कमै हुन्छ ।

प्रत्येक नागरिकले माघ १९ सम्झिरहनुपर्छ । किनकि, त्यो राजा ज्ञानेन्द्रले हामी नागरिकका विरुद्धमा चालेको कदम थियो । हाम्रा अधिकारमाथि अंकुश लगाएको दिन थियो र नागरिक सर्वोच्चतामाथि धावा बोलेको दिन थियो । त्यसैले नागरिकका सामु उनी टिक्न सकेनन् । जसरी जनता र राजाबीचको लडाइँमा कहीं पनि राजतन्त्र विजयी भएको छैन, नेपालमा पनि हामीले त्यो कुरा प्रमाणित गरेर देखाएका हौं भन्ने कुरा बिर्सिन मिल्दैन ।

१९ बर्षअघि २०६१ माघ १९ मा दलहरुको सरकार अपदस्थ गरी शासनसत्ता आफ्नो हातमा लिएर आफैं मन्त्रिपरिषद्को अध्यक्ष बन्ने ज्ञानेन्द्रको रहरले नै वास्तवमा उनलाई गद्दीबाट सडकमा पुर्‍याउन निर्णायक भूमिका खेलेको हो । दरबार हत्याकाण्डपछि अप्राकृतिक रुपमा राजा भए पनि यदि ज्ञानेन्द्र संविधानको दायराभित्रै बसेको भए दलहरुलाई संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको दायराबाट बाहिर आउन त्यति सजिलो थिएन । किनभने, मूलधारका राजनीतिक दलहरु आफैंमा आलोचित थिए, नेतृत्वमाथि प्रश्न उठिरहेको थियो भने तत्कालीन विद्रोही माओवादी भित्रभित्रै दरबारसँग सम्पर्क र वार्तामा थियो । अझ कांग्रेस-एमालेलाई सत्ताबाहिर राखेर आफूसँग सत्ता साझेदारी गरेमा राजालाई मान्ने गरी माओवादीले प्रस्ताव अघि बढाएकै थियो । यस्तो परिस्थितिमा संवैधानिक राजतन्त्रका विरुद्धमा सडकमा नारा-जुलुश गर्न कोही जाने अवस्था नै थिएन ।

ज्ञानेन्द्र शाहले आफ्नो पिता महेन्द्रको नक्कल गर्दै मन्त्रिपरिषद्को अध्यक्षता गर्ने जुन रहर गरे, त्यो आफैंमा संविधानको उल्लंघन मात्र थिएन, आजको युगलाई पछाडि फर्काउने हास्यास्पद कदम थियो । खुल्लापन उपभोग गरिरहेको नेपाली समाजले शाही निरंकुशतालाई स्वागत गर्दछ भन्ने ठान्नु नै उनको ठूलो भूल थियो । जे गर्नुपर्छ, दलहरुमार्फत गर्ने र सबैको साझा संस्थाका रुपमा आफ्नो निरन्तरता कायम गर्ने मौकालाई सदुपयोग गर्न नसक्दा ज्ञानेन्द्र आफू मात्र सकिएनन्, शाहबंशीय राजतन्त्रलाई नै सिध्याउन सफल भए ।

मूलधारका राजनीतिक दलहरुको राजासँग कुनै लडाइँ नै थिएन । नेपाली कांग्रेसभित्रको किचलो र सत्ताको तानातानले वास्तवमा दलहरु नै आलोचनाको केन्द्रमा थिए । ०५६ सालको निर्वाचनमा कृष्णप्रसाद भट्टराईलाई अघि सारेर बहुमत ल्याएको कांग्रेसभित्र सत्ताका सदाबहार पारखी गिरिजाप्रसाद कोइरालाले उनलाई एक बर्षभन्दा बढी टिक्न दिएनन् भने माओवादी आक्रमणको सामना गर्न असमर्थ बन्दै गएका कोइराला ०५७ को होलेरी काण्डपछि सत्तामा टिक्न सकेनन्, जसको लाभ दरबार निकटको छवि बनाएका शेरबहादुर देउवाले उठाए । प्रतिनिधिसभामा स्पष्ट बहुमत पाएर पनि दुई बर्षमा तीन प्रधानमन्त्री बनाउने कांग्रेसको अयोग्यताले राजा ज्ञानेन्द्रलाई भित्रभित्रै व्यवस्थाकै विरुद्धमा योजना बनाउने आधार तयार गरेकोमा शंका छैन । हुँदाखाँदाको बहुमतप्राप्त संसद् विघटन गरेर चरम द्वन्द्वका बीचमा निर्वाचन घोषणा गर्ने शेरबहादुर देउवाको कदम आफैंमा जति आत्मघाती थियो, बल दलहरुकै कोर्टमा छाड्नुको साटो मौका यही हो भनेर व्यवस्था नै उल्ट्याउने ज्ञानेन्द्रको कदम त्यसभन्दा आत्मघाती सावित भयो ।



मुहानै धमिलो भएपछि धारामा सङ्लो पानी आउने कुरै भएन । माघ १९ को दर्शन र आधार नै खराब भएपछि त्यसका कुनै पनि परिणाम सकारात्मक हुने सम्भावना नै रहेन । टेलिभिजनबाट सम्बोधान गरेर शासनसत्ता आफ्नो हातमा लिने ज्ञानेन्द्रले जुन घोषणा गरे, त्यसको राजनीतिक र सामाजिक आधार नै थिएन । उनले मुख्य आधार लिएको सैन्य शक्ति नेपालमा त्यति बलियो थिएन र स्वयम् माओवादीसँगको युद्धमा संलग्न थियो । आफैं इतिहासकै संकटपूर्ण लडाइँ लडिरहेको सेनाको बलमा शासन गर्छु भन्नु उनमा रहेको राजनीतिक समझको स्पष्ट कमी थियो ।

आफ्नो पिता महेन्द्रले जस्तै ०१७ सालको भद्दा नक्कल गरेका ज्ञानेन्द्रले सारथीका रुपमा पात्रहरु पनि महेन्द्रकालीन नै खोजेर ल्याएका थिए । राजनीति मात्र होइन, देशै छाडेर श्रीलंकामा शान्त जीवन बिताइरहेका डा. तुल्सी गिरीलाई पहिलो उपाध्यक्ष बनाएपछि आधा जसो नेपाली जनसंख्याले उनी को रहेछन् भनेर खोजी गर्नुपर्ने अवस्था थियो । तीक्ष्ण बुद्धि र प्रखर विश्लेषणात्मक क्षमता भएका डा. गिरीसँग मैले इतिहासका गर्भमा रहेका कतिपय प्रसंग थाहा पाउन उनको जीवनको पछिल्लो चरणमा भेटघाट गरेको थिएँ । कांग्रेसको महामन्त्री र पहिलो जननिर्वाचित सरकारको परराष्ट्रमन्त्री हुँदाहुँदै राजालाई नै केन्द्र मानेर आजीवन दरबारतिर लागेका डा. गिरीले त्यसबेलाको अवस्था चित्रण गर्दै एकपटक मसँग भनेका थिए, 'राजामा सेनामाथि धेरै विश्वास रह्यो । विहान, दिउँसो वा साँझ चार सुरक्षा प्रमुख- सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागका प्रमुखहरुसँग नभेटेको दिन हुँदैनथ्यो । एकदिन मैले राजालाई भनें, सरकार, राजाले बन्दुकमा निर्भर हुनुहुन्न । बन्दुकधारी सरकार कुर्सीमा हुञ्जेल सरकारको छेउमा उभिन्छ, मौका पायो भने सरकारलाई हुत्याएर आफैं त्यही कुर्सीमा बस्छ । त्यसो भएन भने पनि जो त्यो कुर्सीमा बस्न आउँछ, उसैलाई सलाम गर्छ ।'

एक्काइसौं शताब्दीमा दिउँसो रात पार्ने ज्ञानेन्द्रको कदमललाई अन्तर्राष्ट्रिय समुदायबाट समर्थन प्राप्त हुने सम्भावना नै थिएन । सबभन्दा पहिले भारतले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको दुई खम्बाका बारेमा उनलाई सम्झाउँदै बक्तव्य दियो भने अमेरिका, बेलायतलगायत नेपाललाई मद्दत गरिहेका कुनै पनि मुलुकले ज्ञानेन्द्रको कदमलाई समर्थन गरेनन् । यहाँनेर यिनीहरुले समर्थन गर्नु र नगर्नुको ठूलो महत्व किन थियो भने माओवादीसँग लडिरहेको नेपाली सेनालाई हतियार र गोलीगठ्ठा यिनीहरुले नै उपलब्ध गराइरहेका थिए । संविधानविपरीत, दलहरुलाई पाखा लगाएर, बहुदलीय व्यवस्थालाई समाप्त पारेर र हुँदै नभएको सार्वभौमसत्ताको प्रयोग गरेर ज्ञानेन्द्रले चालेको कदमलाई अन्तर्राष्ट्रिय समर्थन प्राप्त हुन्छ भन्ने कल्पना आफैंमा भ्रम थियो । उनले आशा गरेको चीनले अरुका आन्तरिक मामिलामा हात हाल्दैन भन्ने स्पष्टै थियो । थपमा, भारत, अमेरिका र बेलायत जस्ता मुलुकले समर्थन नगरे के भयो र ? अब अफ्रिकाको सहयोग लिनुपर्छ भनेर भ्रमण गराउने र गैंडा कूटनीति अख्तियार गर्ने रमेशनाथ पाण्डे जस्ता राजतन्त्रको खाडल खन्नेहरु मात्र साथमा थिए । यस्तो नीति अख्तियार गर्ने संस्था नडुबेर अरु को नै डुब्थ्यो र ?

मुख्य कुरा देशभित्र दलहरुको आलोचना थियो, नेताहरु काफी अलोकप्रिय थिए, मुलुक हिंसाबाट आक्रान्त थियो । तर, ज्ञानेन्द्रको निरंकुश कदमका पक्षमा जनता थिएनन् । मुठ्ठीभरका दरबारिया, मण्डले र जनताबाट तिरस्कृतहरुबाहेक ज्ञानेन्द्रको कदमलाई कसैले समर्थन गर्न सक्ने अवस्थै थिएन । यो कुरा ज्ञानेन्द्र र उनका सल्लाहकारहरुले बुझ्न सकेनन् ।

माओवादी र मूलधारका राजनीतिक दलहरुलाई एक ठाउँमा ल्याउने पात्र ज्ञानेन्द्र नै हुन् । त्यसअघि लडाइँ मूलधारका दलहरु र माओवादीका बीचमा थियो । कांग्रेसको सरकारले माओवादी नेताहरुलाई आतंककारी घोषणा गरेर उनीहरुको टाउकाको मूल्य तोकेको थियो भने माओवादीले प्रधानमन्त्री भइसकेका कांग्रेसका नेतामाथि बम प्रहार गरेका थिए । संकटकालका नाममा आमने-सामने भइरहेका मूलधारका दलहरु र माओवादीलाई एउटै ध्रुवमा खडा गराउने मात्र ज्ञानेन्द्रबाहेक अर्को कोही पनि होइन । यसमा षड्यन्त्रको सिद्धान्तको कल्पना गरेर अदृश्य शक्ति वा कुनै शक्ति राष्ट्रले भूमिका खेल्यो भन्नुभन्दा पहिले ज्ञानेन्द्रले त्यस्तो कदम चालेपछि दलहरु र माओवादीका अगाडि के विकल्प रहन्थ्यो र भन्ने कुरा सोच्नुपर्छ ।

नेपालबाट राजतन्त्र जानुमा विदेशीको हात छ भन्ने सतही प्रचार गरेर राष्ट्रवादी नेपाली मनोविज्ञानलाई प्रभाव पार्ने कोसिस व्यर्थ छ । त्रिपक्षीय शक्ति सन्तुलन भएको अवस्थामा दुई शक्तिलाई एक ठाउँमा कुनै विदेशीले पुर्‍याएको होइन । विद्रोही माओवादी र संसदीय मूलधारका दहलरु एक ठाउँमा आउनासाथ बीचमा कुनै स्थान नै बच्दैन भन्ने सामान्य ज्ञान जोसुकैले पनि राख्दछ । द्वन्द्व समाधानको व्यग्र प्रतीक्षा गरिरहेको नेपाली जनमानसले उक्त कुरालाई सहर्ष स्वीकार गरेको कुरा बाह्र बुँदे समझदारी र त्यसपछि विकसित आन्दोलनदेखि संविधानसभाको चुनाव हुँदै राजतन्त्रको उन्मुलनसम्मले स्पष्ट पार्दछ । इतिहासको यति सीधा हिसाबकिताबलाई नजरअन्दाज गरेर षड्यन्त्रको सिद्धान्तको खोजी गर्नु 'गेडा हराएको थाहा छैन, फिनी गन्ने' भने जस्तै मात्र हुन्छ ।

बरु कुनै प्रकारले सत्तामा फर्किन सकिन्छ कि भनेर ज्ञानेन्द्र स्वयम्ले अनेक तीर्थब्रत धाएको पाइन्छ । कथित राजावादीहरुले गर्ने तर्कमा पनि भारतले ज्ञानेन्द्रलाई साथ दिनुपर्छ भन्ने भाव झल्किन्छ । २००७ सालमा शीतल निवासस्थित भारतीय दूताबास छिर्दै देश छाडेर विदेशी भूमिमा शरण लिएर राणाको पिँजराबाट बाहिर निस्किएको राजतन्त्रले जनतासँग जोरी खोज्दा पाएको सजाय स्वीकार गर्नुको साटो अरुलाई विदेशीबाट परिचालित देख्नु आकाशतिर फर्केर थुक्नु जस्तै मात्र हुन्छ ।


## पथरीशनिश्चरे नगरपालिकाको अनुरोध

१. कारोबारस्थलमा साइनबोर्ड, मूल्य सूचि भए नभएको हेरौं साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य MRP भए नभएको हेरौं ।
२. प्याकिङ सामानमा लेवल उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
३. उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।
४. वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ भण्डार विधि, उपयोग गर्ने तरिका छ/छैन हेरौं ।
५. औषधि तथा औषधिजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेरौं ।
६. सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने गरौं ।
७. अखाध्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय अथवा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा उजुरी गरौं ।
८. व्यवसाय दर्ता गरेको व्यापारीसंग मात्र सामान खरिद गर्ने बानी बसालौं । बजार भित्र हुने गरेका अनियमित गतिविधिका बारेमा नियामक निकायमा उजुरी गरौं ।

सचेत उपभोक्ता बनौं आफ्नो र सबै उपभोक्ताको अधिकारको संरक्षण गरौं ।

**पथरीशनिश्चरे नगरपालिका द्वारा जनहितमा जारी सन्देश**


## समाचार संक्षेप

### सहिद स्मृती प्रतिस्ठान लेटाङको ध्यानाकर्षण

*जमर्को संवाददाता*

*लेटाङ । सहिद स्मृति प्रतिष्ठानले लेटाङ नगरपालिकालाई दिएको ७ दिने अल्टिमेटम सकिए संगै अर्को बिज्ञप्ती जारी गरेर नगर प्रमुखको ध्यानाकर्षण गराएको छ । सहिद स्मृति पार्क निर्माण बारे नगरपालिका र प्रतिष्ठान बिच बिबाद उत्पन्न भएपछि समाधानका लागि जग्गा छनौट तथा ब्यवस्थापन समिति गठन गरेको थियो ।*

*विवाद समाधान र निकासका लागि नगरकै पहलमा सर्वदलीय बैठकले समिती गठन गरेता पनि समितीको कार्यदलले आफुहरुलाई निकास नदिएको प्रेस बिज्ञप्तीमा उल्लेख छ । यससँगै प्रतिष्ठानले आफ्नो गतिविधि अगाडि बढाउने बताएको हो ।*

*नगरकै सम्यन्त्रले बनाएको समितिले अल्मल्याउने र पन्छाउने तिकडम मात्र नगर प्रमुखले गरेको आरोप लगाएको छ । आफुहरुले राखेको माग प्रती नगर प्रमुख गम्भीर र जिम्मेवार नभए प्रतिष्ठानले आफुहरुले रोजेको यथास्थानमै सहिद स्मृति पार्क निमार्णको काम अगाडि बढाईने जनाएको छ ।*

### न्यानो कपडा वितरण

*जमर्को संवाददाता*

*पथरी । पथरी शनिश्चरे नगरपालिकाकी उप-प्रमुख देवीमाया काफ्लेले जनतासँग उपमेयर कार्यक्रम अन्तर्गत पथरीशनिश्चरे वडा नं. २ का अति विपन्नहरुलाई न्यानो कपडा वितरण गरेकी छिन् ।*

*बुधबार वडा नं. २ का ९ जनालाई सिरक, न्यानो कपडा वितरण गर्नुभएको हो । न्यानो कपडा वितरण कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष नैना राई, वडा सदस्य एवं कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।*

### नेवि संघ उर्लाबारीको सभापतिमा घिमिरे

*जमर्को संवाददाता*

*उर्लाबारी । नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघ उर्लाबारी नगर समितिले पूर्णता पाएको छ ।*

*बुधबार नेपाली कांग्रेस कोशी प्रदेश सह-महामन्त्री खड्ग फागोको प्रमुख आतिथ्यतामा उर्लाबारी-४ स्थित कांग्रेसको पार्टी कार्यालयमा आयोजित कार्यक्रमबिच नेवि संघ उर्लाबारीको विस्तारित समिति घोषणा गरिएको छ ।*

*उक्त समितिको सभापतिमा अर्विन घिमिरे, उपसभापतिमा मिमांसा न्यौपाने, सचिवमा कृतिका कार्की र सहसचिवमा स्नेहा बराईली चयन भएका छन् । यस्तै, सदस्यहरुमा एस्तर जेन्स नेपाली, विजय लिम्बु, मनिषा कार्की, रितिक गौतम, एलिसा चौलागाई, कञ्चन भट्टराई, मेघराज ढकाल र मनिष पौडेल चयन भए ।*

*नव गठित समितिका पदाधिकारीहरुलाई प्रमुख अतिथि फागोलगायतले प्रमाण पत्र र अबिर लगाएर शुभकामना व्यक्त गरेका थिए ।*

*कार्यक्रममा प्रमुख अथिति फागोले विद्यार्थी परिवर्तनको संवाहक भएको बताउँदै उनले सकारात्मक सोच र विवेकशील चिन्तनको माध्यमबाट विद्यार्थीहरुले समुदायमा ज्ञान बाढ्नु पर्ने बताएका छन् ।*

*कार्यक्रममा नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि गोमा नेपाल, मोरङ जिल्ला सदस्य नेत्र कुमारी भट्टराई, क्षेत्रिय प्रतिनिधि सोमप्रसाद तिम्सिना, उर्लाबारी नगर सचिव दिपक भट्टराई, वडा नम्बर ७ का सभापति मदनबाबु प्रसाई, महिला संघ मोरङ जिल्ला सचिव प्रमिला थापा, नेविसंघ जिल्ला कार्यसमिती सदस्य तिलक पौडेल, उर्लाबारी क्याम्पसका स्ववियु सभापति विवेक कार्की लगायतले शुभकामना मन्तव्य राखेका थिए ।*

*नेवि संघका नगर सभापति घिमिरेको सभापतित्वमा सम्पन्न सो कार्यक्रमको संचालन नगर सचिव कृतिका कार्कीले गरेकी थिईन् ।*

### बालिकालाई करणी गर्ने अहेव पक्राउ

*जमर्को संवाददाता*

*खोटाङ । १३ वार्षिय बालिकालाई जवरजस्ती करणी गरेको आरोपमा खोटाङका एक स्वास्थ्यकर्मी (अहेव) पक्राउ परेका छन् । १३ वर्षीय बालिकालाई करणी गरेको आरोपमा बराहपोखरी गाउँपालिका-२ सुन्तलेका २२ वर्षीय सन्तोष मगर पक्राउ परेका हुन् ।*

*आरोपित मगर स्वास्थ्यचौकी सुन्तलेका करारका अहेव हुन् । मावली हजुरआमाको स्वास्थ्य जाँचका लागि स्वास्थ्यचौकी गएको बेला मगरले हजुरआमाको स्वास्थ्य अवस्थाका बारेमा सोध्ने बाहनामा एकान्त कोठामा लगेर जबरजस्ती करणी गरेको पीडित बराहपोखरी (क) को दावी छ ।*

*घटनाको अनुसन्धानको सिलसिलामा आरोपितलाई माघ ११ गते पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका डिएसपी पुरुषोत्तम खड्काले बताए । मगरले गत पुस २९ गते बालिकालाई जबरजस्ती करणी गरेको जाहेरी परेको प्रहरीले जनाएको छ ।*

## विद्यालय शान्तिक्षेत्र सन्देश

समुदायमा हुने कुनैपनि सामाजिक, धार्मिक, सांस्कृतिक तथा अन्य गतिविधिका लागि विद्यालय बन्द नगरौ र नियमित पठन पाठनमा असर नपुर्‍याऔं ।

# लेटाङ नगरपालिकाको १४ औं नगरसभा

**जमर्को संवाददाता**

**लेटाङ ।** लेटाङ नगरपालिकाले विगतको तुलनामा स्थानीय तह आन्तरिक संस्थागत स्वमूल्यांकन र स्थानीय तह वित्तिय जोखिम मूल्यांकन फ्रा को नतिजामा सुधार गरेको छ। नगरपालिकाको चौधौं नगरसभालाई सम्बोधन गर्दै नगर प्रमुख भूपेन्द्र कुमार लावतीले विगतको तुलनामा स्थानीय तह आन्तरिक संस्थागत स्वमूल्यांकन( लिसा) र स्थानीय तह वित्तिय जोखिम मूल्यांकन फ्रा को नतिजामा सुधार भएको जानकारी दिए।

लिसातर्फ विगत भन्दा १५ अंकले बृद्धि भइ ६८ दशमलव ५ अंक र स्थानीय तह वित्तिय जोखिम मूल्याँकन ९फ्रा० तर्फ विगतभन्दा १८ अंकले बृद्धि भइ ७७ अंक प्राप्त भएको छ। लेटाङ नगरपालिकाले यसतर्फ जिल्लाकै तेश्रो स्थान हासिल गरेको पनि नगर प्रमुख लावतीले जानकारी दिएका छन्। उनले विगत भन्दा केहि सुधार भएपनि अझै सुधार गर्नुपर्ने देखिएकाले नगरपालिका त्यसमा लागिपर्ने समेत उल्लेख गरे।

नगरसभालाई सम्बोधन गर्दै नगर प्रमुख लावतीले महालेखा परीक्षक प्रतिवेदनमा समेत नगरपालिकाको अवस्था सुधार भएको आफुलाई अनौपचारिक जानकारी आएको बताए। औपचारिकरुपमा प्रकाशन नभएपनि प्रारम्भिक प्रतिवेदन अनुशार विगतको तुलनामा सुधारोन्मुख अवस्था रहेको सूचना आएको उनको भनाइ छ।

**दुई वटा विशेष प्रस्ताव पारित**

यसैगरि लेटाङ नगरपालिकाको चौधौं नगरसभाले २ वटा महत्वपूर्ण विषयमा विशेष प्रस्ताव पारित गरेको छ। नगरमा एउटा कृषि थोक बजार स्थापना गर्ने विषयमा नगरसभाले विशेष प्रस्ताव पारित गरेको हो। यस्तै शहिद पार्क निर्माण गरी पर्यटन प्रवर्धनसँग जोडेर अघि बढाउने विशेष प्रस्ताव नगरसभाले पास गरेको छ। लेटाङ नगरपालिकामा शहिदको सालिक राख्ने विषयमा विवाद भइरहेका बेला नगरपालिकाले त्यस विषयलाई महत्व दिँदै विशेष प्रस्ताव पारित गर्दै पर्यटन प्रवर्धनसँग जोडेर सहिद पार्क निर्माण गरेर जाने निर्णय गरेको हो।

**प्राथमिकता दुई का योजनाहरु रद्द**

लेटाङ नगरपालिकाले चालु आर्थिक वर्षको बजेटमा दोश्रो प्राथमिकतामा राखिएका योजनाहरु रद्द गरेको छ। तेह्रौं नगरसभाले पारित गरेका दोश्रो प्राथमिकताका योजनाहरु नगरपालिकाको चौथौं नगरसभाले रद्द




गरेको हो। नगरपालिकाको अनुमानित आयमा ठूलो मात्रामा गिरावट आएकाले पी टू का योजनाहरु कार्यान्वयन गर्न नसकिने अवस्था आएको नगर प्रमुखले जानकारी दिए।

स्थानीय नदीजन्य पदार्थ विक्रीबाट प्राप्त हुने आय अनुमान खुद आय ११ करोड ८१ लाख ७५ हजार भन्दा निकै कम कूल ६ करोड १० लाखमा ठेक्का लाग्ने संभावना रहेकाले यसबाट नगरपालिकालाई करिव ३ करोड २३ लाखसम्म प्राप्त हुन सक्ने र अन्य अनुमानित स्रोतको प्राप्तिमा समेत कमी रहेकोले अनुमान गरेको घाटा बजेट पूर्ति हुने संभावना न्यून रहेकाले दोश्रो प्राथमिकताका योजनाहरु कार्यान्वयन गर्न सकिने संभावना नदेखिएको जनाइएको छ।

**चालु आवमा सम्पन्न भएका योजना**

नगरपालिका विकास बजेट खर्च गर्ने पक्षमा भने कमजोर देखिएको छ। नगरपालिकाले चालु आर्थिक वर्षमा ४ वटा योजना मात्र सम्पन्न गरेको नगर सभामा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ। जसमा लेटाङ कानेपोखरी सडक मर्मत, वडा नं २ र ९ को भवन निर्माण तथा रङरोगन, घुम्ति लामीटार सडक निर्माण र न्यायीक समितिको भवन निर्माणका योजना सम्पन्न भएको जनाइएको छ।

**नगरका महत्वपूर्ण योजनाहरू**

नगरसभामा नगर प्रमुख लावतीले नगरका महत्वपूर्ण तथा कार्यान्वयन सुरु गरिएका योजनाहरु बारे पनि जानकारी गराए। जसमा अन्तर धार्मिक शान्ति पार्क, मूर्चुङ्गीखोला पूल निर्माण, वडा नं २ र ९ को भवनको कम्पाउण्ड वाल निर्माण, राजारानी सौन्दर्यकरण आयोजना, १० शैया अस्पताल निर्माण, डाँडाँगाउँ सडक निर्माण, समला खानेपानी योजना, चिसाङघाट निर्माण, भुवाखोला सडक स्तरोन्नती, शान्ति भगवती छात्रबास भवन निर्माण राचुरेमा चिउरी रोपन कार्यक्रम रहेका छन।

**चालु आवमा सम्पन्न गर्नु पर्ने योजनाहरु**

लेटाङ नगरपालिकाले चालु आर्थिक वर्षमा सम्पन्न गर्ने केही योजना बारे पनि नगरसभामा जानकारी गराइएको छ। जसमा लेटाङ बजारमा वसपार्क निर्माणको डीपीआर, भूमिगत पानीको संभाब्यता अध्ययन, नगरको सडक गुरुयोजना निर्माण, राजारानी आरुवोटे सडकको डीपीआर निर्माण, मुर्चुंगी खोलामा पुलनिर्माण, पर्यटन गुरुयोजना निर्माण, आयश्रोत अतिकम भएका सामुदायिक वनहरुको पहिचान गरी उनीहरुको क्षमता बढाउन अनुदान दिने, वडा ५ र ६ को प्रशासनिक भवन निर्माणको थालनी, कोल्डस्टोर को बाँकी काम पुरा गर्न पुनप्रक्रिया अगाडि बढाउने, अन्तर साँस्कृतिक संग्राहलयको काम सुरु गर्ने र चिसाङ खोलामा पूर्वतर्फको घाट सञ्चालनमा ल्याउने रहेका छन।

**अवरोध भएका काममा आइसब्रेक**

लेटाङ नगरपालिकाले निकै लामो समयदेखि अलपत्र अवस्थामा रहेका केहि महत्वपूर्ण र ठूला योजनाहरु अघि बढाइएको जनाएको छ। संघ र प्रदेश सरकारको लागतमा सञ्चालनमा रहेका योजनाहरुको अवरोध हटाएर काम सुचारु गरिएको नगरपालिकाले जनाएको छ। जसमा मदनमार्गको बजार खण्ड, पथरी जाँते ज्यामिरे खण्डको रोकिएको बाटो निर्माण, कालेबुदुली सडक निर्माण सुरु, किराँत चौक राजारानी सडक निर्माण सुरु र लेटाङ २ मा विद्युत सबस्टेशन निर्माण सूचारु रहेका छन्।

**चार वटा ऐन संशोधन विधेयक पारित**

लेटाङ नगरपालिकाको १४ औं नगरसभाले विभिन्न ४ वटा विधेयक पारित गरेको छ। वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ संशोधन गर्न बनेको विधेयक २०८०, लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ संशोधन गर्न बनेको विधेयक २०८०, लेटाङ नगरपालिका सहकारी ऐन २०७६, लाई संशोधन गर्न बनेको विधेकय २०८० र लेटाङ नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक २०८० नगरसभाले पारित गरेको हो। विधायन समिति सदस्य ओमप्रकाश विकले प्रस्तुत गर्नु भएको विधेयक सर्वसहमतिले पारित गरिएको हो।

**करिव साढे ३ करोड बजेट रकमान्तर**

नगरसभाले करिव साढे ३ करोड बजेट रकमान्तर गरेको छ। नगरसभामा संशोधित बजेट प्रस्तुत गर्दै नगर उपप्रमुख कृष्णकुमारी निरौलाले नगरस्तरिय योजना र वडा स्तरीय योजनाका गरि करिव साढे ३ करोड बजेटका योजना रकमान्तर गरिएको जानकारी दिइन्।

गत असारमा सम्पन्न तेह्रौं नगरसभाले विभिन्न योजनामा छुट्याएर खर्च हुन नसकेको बजेटलाई चौधौं नगरसभाले अन्य विभिन्न योजनामा लगाएको उनीले जानकारी दिइन्। सेवा परामर्श, कर्मचारी तालिम खर्च, अन्तरधार्मिक शान्तिपार्क, समपुरक कोष, कोल्टस्टोर भवन निर्माण लगायतका योजाको रकम खर्च हुन नसकेपछि बजेट रकमान्तर गरिएको हो।

सबै भन्दा ठूलो बजेट अन्तरधार्मिक शान्ति पार्कको रु १ करोड रकमान्तर गरिएको छ। विभिन्न १८ वटा योजनाको बजेट रकमान्तर गरि सडकको डीपीआर निर्माण, वसपार्कको डिपिआर निर्माण लागयतका विभिन्न ३५ वटा योजनामा छुट्याइएको छ। यसैगरि सबै वडाका वडा सिलङका बजेट पनि नगरसभाले रकमान्तर गरेको छ। सबैभन्दा बढी वडा नम्बर ३ को र सबैभन्दा कम वडा नम्बर ८ को बजेट रकमान्तर गरिएको छ।

**नगरसभा सदस्यहरुको धारणा**

नगरसभा बैठकमा शुन्य समयमा बोल्दै नगरसभा सदस्यहरुले विभिन्न विषय उठान गरेका छन। वडा नम्बर १ का वडासदस्य चञ्चलाल मगरले किसे झरनाको विकास र झांक्री गुफाका लागि बजेट छुट्याउनु पर्ने माग गरे। यस्तै वडा नम्बर ४ का वडा सदस्य रंग राई, वडा नम्बर ९ का खेमराज ढकाल, वडा नम्बर ३ का नगेन्द्र पराजुली, वडा नम्बर ५ का राम बहादुर पौडेल, वडा नम्बर ८ का नवीन लिम्बु, वडा नम्बर ९ का कमला राई र वडा नम्बर ६ की वडा सदस्य श्यामकुमारी मगरले विभिन्न विषयमा धारणा राखिन। धारणा राखेको विषयलाई सम्बोधन गर्दै नगर प्रमुख लावतीले आगामी दिनमा प्राथमिकता दिएर अघि बढ्ने प्रतिवद्धता बताए।

पृष्ठ ३ बाट जारी

## विद्यालय शिक्षा ...

*शिक्षकलाई दलमा आबद्ध हुन निषेध गर्नु पर्छ।*

*वैदिक कालसम्म जोडिएको नेपालको सभ्यता शिक्षा र ज्ञानको ज्योति फैलाउने रहेको कुरा हाम्रा विद्यार्थीले सिक्न-जान्न पाउनु पर्छ। शिक्षा पद्धतिले तत्कालको लाभ होइन, सय वर्षपछिको मुलुकको भविष्यको नक्सा कोर्न सक्नु पर्छ। यसका लागि राष्ट्रको स्वाभिमान, भाषा, कला, संस्कृति, परम्परा, वातावरण, नैतिकता, सामाजिक पक्ष सबैलाई समेटेर हाम्रा पूर्खाको योगदानलाई पाठ्यक्रम बनाउनै पर्छ। यी सबै पक्ष समेट्दै विद्यार्थीको सृजनशीलता कस्तो छ, सोही अनुसारको अभ्यास गराउन प्रेरित गर्ने र उनीहरूलाई त्यसैमा अघि बढ्न उत्साहित गर्ने स्पष्ट मार्गनिर्देश गरेको हुनु पर्छ।*

*एउटा असल विद्यार्थी निर्माणमा शिक्षकको हात सबभन्दा महत्वपूर्ण हुन्छ। शिक्षकले विद्यार्थीलाई किताब मात्र पढाउने होइन कि स्वावलम्बी बन्न, देशभक्त बन्न, नैतिक चरित्रमा उच्च रहन पनि सिकाउनु पर्छ। सँगसँगै आयआर्जनको बानी बसाल्ने गरी अभ्यास गराउनु पर्छ। विद्यालयमा पाठ्यपुस्तकका विषयस्तुसँगै विद्यार्थीलाई पढाउन र सिकाउनका लागि शिक्षक कस्तो हुनु पर्छ भन्ने स्पष्ट हुनु पर्छ। शिक्षकलाई किताब पढेर किताबै पढाउने परिपाटीबाट मुक्त गरी उनीहरूको आत्मसम्मान कायम गर्दै सुविधा दिने र विद्यार्थीलाई पनि अनिवार्य बचत गर्ने बानी सिकाउँदै आत्मनिर्भर हुन प्रोत्साहन गर्ने गरी सुधारको थालनी गर्नु पर्छ।*

*ऐनले बिर्सन नहुने कुरा निजी विद्यालयको व्यवस्थापन पनि हो। यसलाई समयसापेक्षित बनाउँदै समुदायप्रति जिम्मेवार बनाउन आवश्यक छ। निजी विद्यालय भनेका नाफाका लागि मात्र खोलिएको भन्ने जुन भ्रम छ, त्यसलाई गलत सावित गर्ने गरी ऐनले निजी वा समुदायिक सबै विद्यालयको शिक्षा प्रणाली र पाठ्यक्रमलाई एउटै बनाउँदै समान सेवासुविधा र समाज विकासको साझा जिम्मेवारीबोध गराउने गरी सबै पक्षसँग व्यापक छलफल गरेर अघि बढ्नु पर्छ। ऐन संसदमा दर्ता हुनासाथ निजी विद्यालय आन्दोलित भए। यसको कारण अविश्वास हो, गलत प्रचार पनि हो। यस्तो भ्रम, विवाद र आक्रोश उत्पन्न हुने अवस्था सदाका लागि अन्त्य गर्नु पर्छ। विश्वासको सङ्कटले धेरै समस्या उत्पन्न गरेको छ।*

*स्पष्ट ऐन बनाएर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै राजनीतिक लाभ र शक्ति आर्जनको सोच त्यागेर सुधारको प्रयास गर्ने हो भने आज भइरहेको 'ब्रेन ड्रेन' को समस्या केही वर्षमै न्यून हुन जान्छ। किनभने जब शिक्षाले रोजगारी सिर्जना गर्न थाल्छ, जब राज्यले गरेको सुधारका प्रयासप्रति भरोसा बढ्छ, यही माटोमा श्रम गर्ने जाँगर सबैमा पलाउँछ। यसको पहिलो आधार विद्यालय शिक्षा हो र विद्यालय शिक्षा नै विकासका सबै पक्षको स्तम्भ हो भन्ने तथ्य बुझेर राजनीतिका सौदाबाजी नगरी जनमुखी-राष्ट्रपक्षीय ऐन बनाउन सबैले एकताबद्ध भएर जिम्मेवारीबोध गर्नु आवश्यक छ।*

## पानी छोएको ...

*आफुमाथिमात्र नभएर सिंगो दलितजाति माथिको अपमान भएको भन्दै कानुनी कारवाहीमा जाने बताएका छन्। 'पानी पिउन पसलमा राखेको जर्किनबाट खन्याउँदै थिएँ, उनले एक्कासी थप्पड हानें,' भूलले भने, 'किन हान्नु भएको भन्दा दलित भएर पानी किन छोइस् भन्दै थप कुटपिट भयो।'*

*जातीय विभेदको घटना इलाका प्रहरी कार्यालयले हेर्न नमिल्ने भन्दै बायल प्रहरी चौकीले दुवै पक्षलाई जिल्ला प्रहरी कार्यालय सिलगढी पठाएको इञ्चार्ज मानसिह भण्डारीले बताए।*

*इकाला प्रहरी कार्यालय बायलका इञ्चार्ज असइ भण्डारीले पानी छोएको निहुँमा कुटपिट गरेको भन्दै रमेश भूल आइतबार बेलुकी आएको बताए। असई भण्डारीले दुवै पक्ष मदिरा सेवन गरी बेलुकीपख आफुकहाँ आएका भए पनि सोमबार सिलगढी पठाएको बताए।*

*प्रत्यक्षदर्शीका अनुसार धामीले जातीय आरोप लगाउँदै कुटेको स्वीकारेका छन्। यद्यपि सामान्य घटना भन्दै गाउँमै सहमती गर्नका लागि पीडित पक्षलाई दबाब आइरहेको दलित अगुवाहरुको गुनासो छ।*

*'२१ औं शताब्दीमा आइपुगेर पनि यस प्रकारको निकृष्ट व्यवहार सह्य हुन सक्दैन,' केआईसिंह-४ बायलका दलित अगुवा वसन्त विकले भने, 'होटलमा समेत दलितले पानी पिउन नपाउने ? कुन हदसम्मको अपमान हो।' उनले जातीयताका आधारमा हुने थिचोमिचो र अन्यायबिरुद्ध सडक आन्दोलनमा समेत उत्रने चेतावनी दिए।*

**गजल**



–सौराज साम्पाङ राई

### गजल

*के हो त्यो बादल पारी*
*आँखा मिचि ठम्याई हेरें*

*परेवा विनाको पन्छि रहेछ*
*विचरा भनि टोलाई हेरें*

*गाँस अनि बास रहेनछ*
*मन मुटु जलाई हेरें ।*

*दुःखसँग जीउने काइदा*
*सलाई काटी कोरी हेरें ।*

दिक्तेल रुपाकोट मझुवागढी-१० पथेका, खोटाङ

## सलकपुरमा रक्तदान

**जमर्को संवाददाता**

**सुन्दरहरैँचा ।** मोरङको सुन्दरहरैँचा स्थित सलकपुरमा श्रीकृष्ण प्रणामी युवा परिषद नेपालको ३४ औकक स्थापना दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

रक्तदान कार्यक्रम धरान रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा भएको थियो। श्रीकृष्ण प्रणामी युवा परिषद प्रारम्भिक समितिले बार्षिक कार्यक्रमको रूपमा गरेको रक्तदानमा ६२ पुरूष र ६ जाना महिला गरि ६८ जानाले रक्तदान गरेको आयोजक परिषद्का अध्यक्ष प्रितम गौतमले जानकारी दिए।

उनले कार्यक्रमको अवसर पारेर छात्रवृति तथा स्टेसनरी सामाग्री बितरण साथै युवा प्रोत्साहन कार्यक्रम मार्फत भुल्के युवा समाजले सलकपुरमा गरिरहेको क्रिकेट प्रतियोगितालाई रू पाँच हजार सहयोग गरिएको बताए।

## साप्ताहिक राशिफल

| | |
|---|---|
| मेष | यो सातामा नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। लाभदायक यात्रा र मनोरञ्जन पूर्ण कार्य रहला। रोकिएका अधुरा काम पुनः सुरु हुन सक्छ। पर्यटकीय स्थलको भ्रमणले मन लोभ्याउनेछ। चलाखीपूर्ण बोलीले काम बन्न सक्छ। |
| वृष | यो सातामा परिवारजनको साथले नयाँ आशा पलाउनेछ। शुभकार्यको चर्चा चल्ने र नयाँ काम सुरु गर्ने समय छ। रोकिएका अधुरा पुराना कामहरू पुरा हुनसक्छ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| मिथुन | यो साता प्रेम र मित्रताको बन्धन कसिने बेला छ। शैक्षिक क्षेत्र र प्राविधिक काम पनि सहजै सम्पन्न हुनेछ। प्रेम र दाम्पत्य सम्बन्ध सुदृढ बन्नेछ। वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ। साताको मध्यमा शेयर बजारले साथ नदेला। |
| कर्कट | यो साता महत्त्वाकाङ्क्षी योजना गोप्य राखेर अघि बढ्नु राम्रो होला। मनको डरले सताए पनि व्यवहारमा फाइदा हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। शुभ कार्यमा सरिक भइनेछ। |
| सिंह | यो साता चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनसक्छ। राजनैतिक कार्यमा सफलता मिल्नेछ। सामाजिक र राजनीतिक कार्यमा ख्याति कमाउने योग छ। कुनै कुराले मनखुसी र प्रसन्न पनि रहनेछ। |
| कन्या | यो हप्ता रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। |
| तुला | यो साता नयाँ पद, प्रतिष्ठा, वस्त्र र अलंकार प्राप्ति हुनेछ। बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। विभिन्न कार्यक्रममा नेतृत्वदायक भूमिका निर्वाह गर्न पाइनेछ। मध्य सातामा कार्यक्षेत्रमा अरुले गरेका भनेका कुरा ि |
| वृश्चिक | यो साता अनावश्यक यात्रा एवं विविध झमेलामा झेलिनु पर्नेछ। कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला। नाक तथा घाँटीमा समस्या आउला स्वास्थ्यमा तथा सौन्दर्यतामा धन खर्च हुनेछ। |
| धनु | यो साता भाग्यले विभिन्न अवसर जुराउनेछ। आफन्तसँग भेटघाट हुनेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा अधिक सफलता मिल्नेछ। मनोरञ्जनमा सहभागिता भइएला। |
| मकर | यो सातामा प्राविधिक काममा बढी सफलता मिल्ला। विद्या र बुद्धिको विकास हुनेछ। रमणीय र सुखद् व्यावसायिक यात्राको योग छ। पुँजी बजारमा लगानी गर्दा सफलताको अवसर जुट्नेछ। आँटेको र ताकेको कार्य पुरा हुन सक्छ। |
| कुम्भ | यो साता धार्मिक क्षेत्र र रमणीय यात्राको योग छ। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कार्य सम्पादन हुन सक्छ। मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। |
| मीन | यो साता महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। झैझमेलाको अवस्था आउला। अनावश्यक धन खर्च भई मानसिक चिन्ता बढ्नेछ। चुनौतीको सामना गरी गलत निर्णय लिन पुगिएला सचेत रहनुहोला। |

**बालबालिकालाई कुनै पनि बहानामा यातना दिनु दण्डनीय कार्य हो।**

# उर्लाबारीको बक्राहा घाट ढलान

**जमर्को संवाददाता**

**उर्लाबारी ।** उर्लाबारी नगरपालिकाको गौरवको योजनाका रुपमा रहेको बक्राहा घाटको शवदाह स्थल निर्माण कार्य मंगलबारबाट ढलाइ कार्य भएपछि अन्तिम चरणमा पुगेको छ।

ढलान सम्पन्न भएपछि शवदाह स्थलको ८० प्रतिशत निर्माण कार्य पुरा हुने 'बक्राहा विष्णु गंगा घाट' संचालन समितिका उपाध्यक्ष केदारनाथ खतिवडाले जानकारी दिएका छन् ।

उर्लाबारी नगरपालिकाले वृहत परियोजना अन्तर्गत क्रमागत बजेट छुट्याएर बक्राहा घाट निर्माणलाई तिब्रता दिएको छ। ढलान भएसंगै तीन स्थानमा शव जलाउने संरचना तयार हुने छ। शवदाह स्थल निर्माणभए लगतै किरियापुत्री वस्ने घर, धार्मिक महत्व बोकेका बोटविरुवाहरुको बगैचा, प्रशस्त पार्किङ तथा पुलदेखि घाटसम्म पेवल विच्छ्याउने सहितको अत्याधुनिक बक्राघाट निर्माणको काम थालनी हुने नगर प्रमुख गंगाप्रसाद खरेलले बताएका छन् ।

खोला पश्चिमतर्फका बासिन्दालाई सहज हुने गरी झोलुङे पुलपनि बनाइने उनको भनाइ छ।

# शिक्षकलाई अनिवार्य तालिमको व्यवस्था

**जमर्को संवाददाता**

**रंगेली ।** मोरङको रंगेली नगरपालिका अन्तर्गतका २७ सामुदायिक विद्यालयमा कार्यरत २६० जना तिनै तहका अङ्ग्रेजी नेपाली गणित विज्ञान र सामाजिक विषय अन्तर्गतका शिक्षकहरूलाई पाठ्यक्रम प्रविधिकरण तथा मूल्याङ्कन सम्बन्धी दुई दिने तालिम रङ्गेलीमा सुरू भएको छ।

कक्षा ५, ८ र १० मा अध्यापन गराउने विषयगत शिक्षकहरुलाई अनिवार्य तालिमको व्यवस्था गरिएको हो। संघीय सरकार र रंगेली नगरपालिकाको साझेदारी र आर्थिक सहयोगमा तालिम सञ्चालन भएको हो। बिहिबार तालिमको उद्घाटन गर्दै नगरपालिकाका प्रमुख दिलिपकुमार बगडियाले सबै शिक्षकहरूले तालिमबाट प्राप्त ज्ञान र सीपलाई कक्षा कोठामा प्रयोग गर्न निर्देशन दिएका छन्। उद्घाटन सत्रका प्रमुख अतिथि तथा नगरप्रमुख बगडियाले शिक्षामा लगानी वृद्धि गरेर गुणस्तरीय शिक्षा प्रदान गर्न र बालबालिकाको पढ्न पाउने हकलाई सुनिश्चित गर्ने उद्देश्यले गुणस्तरीय शिक्षा र मूल्याङ्कन प्रणालीमा जोड दिए। नगर प्रमुख बगडियाले नगर शिक्षा ऐन अन्तर्गत रहेर छिट्टै प्रावि र निमावि शिक्षकहरूको दरबन्दी मिलान गरिने जानकारी दिए।

कार्यक्रमका विशिष्ट अतिथि रङ्गेली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तेजेन्द्र गौतमले विद्यार्थीहरूको भविष्यलाई ध्यान दिँदै शिक्षकहरूले समयमै विद्यालयमा उपस्थित भई पठनपाठन गर्न आग्रह गरे। खुल्ला सत्रको अध्यक्षता नगर सामाजिक शिक्षा शाखाका अध्यक्ष अवधेश मण्डलले गरेका थिए। शिक्षा शाखा प्रमुख रविन्द्रकुमार पण्डित रंगेली नगरपालिका ९ का वडाध्यक्ष चुणामणि रेग्मी, शिक्षकहरू किशोर पोखरेल, अरविन्द साह, हेमा मिश्रलगायतले तालिमको शुभकामना दिँदै तालिमबाट प्राप्त ज्ञान र शिपलाई कक्षा कोठामा प्रयोग गर्न शिक्षकहरुलाई आग्रह गरेका थिए।


## हात्तीको आक्रमणबाट बच्ने सम्बन्धि सूचना

घुमन्ते जंगली हात्तीको बथान हाल मोरङका विभिन्न वन क्षेत्रमा डुलिरहेको र गाउँबस्तीमा पसी घरगोठ, बारबेरा, बालीनाली, अन्नपात आदिमा क्षति पुऱ्याइरहेको अवस्था छ। यस बेलामा हात्तीबाट आफ्नो जनधनको सुरक्षा गर्न निम्न सतर्कताहरु अपनाऔं :

–साथमा साना बच्चा भएमा वा भाले हात्तीलाई मात चढेको बेला हात्ती बढी आक्रामक हुने भएकोले हात्तीको नजिक नजाने।

–हात्तीलाई नजिस्क्याउने र हात्तीको शरिरमा क्षति नपुऱ्याउने।

–वन जंगलमा जाँदा एक्लै नजाने।

–बस्ती र जंगल जोडिएको स्थानमा राती बत्ती बालेर उज्यालो बनाउने र आगो वा राँको बाल्ने।

–साइरन, बाजा वा डि जे मा कर्कश ध्वनी बजाएर भगाउने।

–हात्तीसँग जम्काभेट भएमा आफुसित भएको सामान जस्तै टोपी, झोला, लुगा फ्याक्ने र विस्तारै पछि हटेर भाग्ने।

–हात्तीले लखेट्दा पुल, पुलेसा तरेर भाग्ने, दलदल वा हिलो, ढुंग्यान वा बगर तिर भाग्ने, अलि छड्के परेर ओरालो तिर भाग्ने।

–हात्तीले दौडेर लखेट्न लागे बाँगोटिङ्गो गरी दौडिने।

–जुनसुकै बेलामा पनि हात्ती आउन सक्ने भएकोले सतर्क रहने।

–हात्ती गाउँबस्तीमा पसेमा नजिकको प्रहरी, वन, उपभोक्ता समिति वा वडा कार्यालयमा तत्काल जानकारी गराई सहयोग गर्ने।

**पशुपति सामुदायिक वन उपभोक्ता समूह**

पथरीशनिश्चरे-१० मोरङ

**सम्पर्क :**

पुष्प शाही (अध्यक्ष) ९८१५९७६५७७

बालकुमार मगर (उपाध्यक्ष) ९८४२५३०९२०

आरती राई (सचिव) ९८१२३८३८७१

रणबहादुर राई राजु (सह-सचिव) ९८०५८९२७१७

उमा लामा (कोषाध्यक्ष) ९८१०४८९१८६

काजीमान राई (कार्यालय सचिव) ९८१५९७६५७७


# चिराइतो किसानले मनको एक लाख ३० हजार पाए



**जमर्को संवाददाता**

**ताप्लेजुङ ।** फुङलिङ नगरपालिका-१० फुरुम्बुका टेकमान भट्टराईले यस वर्ष अहिलेसम्मकै उच्च मूल्यमा चिरोइतो बेचेर मनग्गे आर्जन गरे। कोभिड महामारीका बेला ६० रोपनी जग्गामा ७ किलो चिराइतो छरेका भट्टराईले १ हजार १ सय २५ रुपैयाँका दरले ७ क्विन्टल चिराइतो घरबाटै बिक्री गरेको जनाए।

यसअघि ०५३ सालमा उनले प्रतिकिलो ८ सय रुपैयाँमा चिराइतो बेचेका थिए। अहिले त्यति बेला पाएको भन्दा पनि राम्रो मूल्य पाएको उनको भनाइ छ। 'राम्रै मूल्य आएकाले सन्तुष्ट छु,' उनले भने। फक्ताङलुङ गाउँपालिका-४ इखावुका अम्बरसिं माबोहाङले पनि यसपालि १ हजार रुपैयाँ प्रतिकिलो दरमा आफ्नै उत्पादन २ क्विन्टलसहित गाउँबाट संकलित २० क्विन्टल जति चिराइतो बेचे।

झापा बिर्तामोडका व्यापारी हरि मिश्रले किसानबाट चिराइतो संकलन गरेर भारतमा बेच्छन्। गत वर्ष एक लाख रुपैयाँ क्विन्टलमा किसानबाट चिराइतो किनेका उनले यसपालि भने एक लाख तीस हजार रुपैयाँका दरले चिराइतो किने। चिराइतोको मूल्य अहिलेसम्मकै उच्च रहेको र गत वर्षको तुलनामा किसानले क्विन्टलमै ३० हजार बढी मूल्य पाएको उनको भनाइ छ।

गाउँमा उत्पादित चिराइतो बजारसम्म लैजान डिभिजन वन कार्यालयमा प्रतिकिलो १५ रुपैयाँ राजस्व बुझाउनुपर्छ। गत वर्ष चिराइतो निकासीबाट ४९ हजार ५ सय रुपैयाँ राजस्व उठेकामा यस वर्ष ८० हजार ३ सय रुपैयाँ संकलन भइसकेको डिभिजन वन अधिकृत बद्रीप्रसाद शाहले जनाए।

चिराइतो संकलन गरेर जिल्लाबाहिर लैजान अनेक प्रक्रियागत झन्झट रहेको चिराइतो संकलक व्यापारी बताउँछन्। चिराइतो संकलन पुर्जी, छोट पुर्जी, निकासीलगायतका कागजात भदौ-असोजदेखि नै बनाउनुपर्ने पाँचथरका चिराइतो संकलक रुद्र अधिकारीले जनाए।

झार वर्गको यो वनस्पति संकलनका लागि २८ महिनामा मात्रै योग्य हुने गरेको छ। तर एक पटक लगाएपछि बर्सेनि लगाउनु भने पर्दैन। पाकेको फूल आफैं झर्छ र त्यहीँ उम्रन्छ। पहिलो वर्ष काण्डवृद्धि नभई त्यसबाट पात पलाई मुला जस्तो हुने, दोस्रो वर्ष जमिनमाथि काण्ड विकास भई हरेक आँख्लामा हाँगा र पात पलाएर आउने र यसमा फूल फुल्ने र बीउ लाग्ने किसान बताउँछन्। दुई वर्षमा सप्रेको बोट १.५ मिटरसम्म अग्लो हुने उनीहरूको भनाइ छ।

भारतको मुम्बई र पटना चिराइतोको सबैभन्दा ठूलो बजार रहेको व्यवसायीले जनाए। मेची भन्सार कार्यालय काँकडभिट्टाबाट गत आर्थिक वर्षमा १ लाख १८ हजार ५ सय किलो चिराइतो भारत निर्यात भएको बताइएको छ।

# पथरीशनिश्चरेमा राष्ट्रपति रनिङ सिल्ड

**जमर्को संवाददाता**

**पथरी ।** पथरीशनिश्चरे नगरपालिकामा नगर स्तरीय ५ औं राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन भएको छ।

विहीबार वडा नं. १ मा स्थापित पञ्चायत नमूना माध्यमिक विद्यालयमा प्रतियोगिताको प्रमुख अतिथि रहेएका नगर प्रमुख मोहनप्रसाद तुम्वापोले औपचारिक रुपमा उद्घाटन गरेका हुन्। वडा नं. १ का अध्यक्ष तथा राष्ट्रपति रनिङ सिल्ड खेलकुद व्यवस्थापन तथा निर्देशक समिति सदस्य भीमकुमार राईको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।




सो कार्यक्रममा संविधानसभा सदस्य चण्डीप्रसाद राई, नगर शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख एवम् राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समिति सदस्य शालिग्राम काफ्ले, शाखा अधिकृत नवीन खुलाल, नेपाल पत्रकार महासंघ मोरङका कार्यवाहक अध्यक्ष मोहन भट्टराई, पञ्चायत माविका विद्यालय व्यवस्थापन समिति महासंघ एवंम् आयोजक विद्यालयका विव्यस अध्यक्ष युवराज बाँस्कोटा, प्राचार्य अर्जुन कुमार बुढाथोकी, प्रहरी नायव उपरीक्षक गणेशबहादुर श्रेष्ठ, गणेश खड्का, प्याब्सन पथरीशनिश्चरे नगर समिति अध्यक्ष सुरेन्द्र लिम्बु, राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल- एनप्याब्सन, पथरीशनिश्चरे नगर समिति अध्यक्ष थिरप्रसाद आचार्य, विभिन्न विद्यालयहरुका प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको उपस्थिति रहेको थियो।

तीन दिन दिवसीय पथरीशनिश्चरे नगर स्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता-२०८० मा १५ संस्थागत तथा ११ सामुदायिक विद्यालय गरी जम्मा २६ विद्यालयहरूले विभिन्न खेलहरूमा सहभागिता जनाएका छन्।

राष्ट्रिय झण्डा बोकेर विभिन्न विद्यालयहरुका विद्याथीहरूले मार्च पास गरेका थिए भने पञ्चायत माविका सिभिल इन्जिनियरिङ विधाका छात्र छात्राहरुले स्वागत नृत्य प्रस्तुत गरेका थिए।

आज प्रतियोगिताको पहिलो दिन रनिङ, भलिबल, कराँते, छेलो, सटपुट, कबड्डी, लगायतका विभिन्न खेलहरू संचालन गरिएको थियो।

# मिटरब्याज पीडितको मार्च पूर्वमा

**जमर्को संवाददाता**

**बेलबारी ।** सरकारलाई दबाब दिन मिटरब्याज पीडितहरूले सुरु गरेको 'न्याय मार्च' बिहीबार पूर्वोत्तरमोरङका विभिन्न सहर हुँदै सुनसरी पुगेको छ।

शुक्रबार पूर्वी नाका झापाको काँकडभिट्टास्थित मेची पुलबाट सुरु भएको 'मिटरब्याजविरुद्धको न्याय मार्च' का सहभागी काठमाडौं जाँदैछन्। उनीहरु उर्लाबारी, पथरीशनिश्चरे, बेलबारी, सुन्दरहरैंचा हुँदै सुनसरी पुगेका हुन्।

मिटरब्याजीलाई कारबाही गर्ने कानुन कडा बनाउनुपर्ने र न्यायिक आयोग गठन गर्नुपर्ने लगायतको ६ बुंदे माग राख्दै पीडितले संघर्ष समितिमार्फत मेची-महाकालीबाट एक साथ शान्तिपूर्ण पैदल यात्रा सुरु गरेका हुन्। टोलीको नेतृत्व समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले गरिरहेका छन्।

उता पश्चिमको कञ्चनपुरबाट समेत समितिको टोली काठमाडौं गईरहेको छ। पूर्व र पश्चिमको टोली चितवनमा भेटेर कोणसभा गर्ने पूर्वनिर्धारित कार्यक्रम छ।

# राष्ट्रिय डोरीतान प्रतियोगिता मोरङमा

**सुरेश कार्की**

**विराटनगर ।** दोस्रो राष्ट्रिय डोरीतान (टग अफ वार) प्रतियोगिता फागुन १८ र १९ गते मोरङमा हुने भएको छ।

डोरीतान संघ कोशी प्रदेशको आयोजना र केन्द्रीय समितिको अभिभावकत्वमा आयोजना हुन लागेको प्रतियोगिता यसअघि माघ २६ र २७ गतेलाई तय भएको थियो। डोरीतान संघ कोशी प्रदेश अध्यक्ष रिता न्यौपानेका अनुसार व्यवस्थापनको तयारी पूरा भइनसकेको तथा केही प्राविधिक कारणले प्रतियोगिताको मिति सारिएको हो।

राष्ट्रिय प्रतियोगितामा तीनवटा विभागीय र ७ वटा प्रदेशका टिमसहित १० वटा टिमले सभागिता जनाउने अध्यक्ष न्यौपानेले बताइन्। उनका अनुसार प्रतियोगिताको विजेताले नगद १ लाखसहित ट्रफी पाउनेछन्।

उपविजेताले नगद ५० हजारसहित ट्रफी प्राप्त गर्नेछन्। यसअघि कात्तिकमा बंगलादेशमा सम्पन्न अन्तर्राष्ट्रिय डोरी तान प्रतियोगितामा सहभागिता जनाएको नेपालले विजयी भएको थियो। नेपालले मलेसिया र बैंककमा पनि उत्कृष्ट प्रदर्शन गर्दै तेस्रो स्थानमा हासिल गरेको थियो।

# लक्ष्मीमार्गमा बान्तवा भाषा पढाईने

**जमर्को संवाददाता**

**बेलबारी ।** बेलबारी ११ लक्ष्मीमार्गमा रहेको लक्ष्मी माध्यमिक बिद्यालयमा आगामी शैक्षिक सत्रबाट मातृभाषा कार्यक्रम अर्न्तगत राई बान्तवा भाषा अध्यापन गराईने भएको छ।

ऐच्छिक बिषय अर्न्तगत कक्षा १ देखि ५ सम्मका बिद्यार्थीहरुलाई सो भाषा पढाउन लागिएको हो। भाषा अध्यापन गर्न पूर्वाधार निर्माणका लागि बेलबारी नगरपालिकाले ५ लाख बजेट समेत बिनियोजन गरेको छ।

विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष गोबिन्द भण्डारीको संयोजकत्वमा बनेको पाँच सदस्यीय भाषा छनोट समितिले भोजपुर, ईलाम, मोरङलगायतका जिल्लामा यसअघि मातृभाषा अध्यापन गराईरहेका विद्यालयहरुमा समेत पुगेर सम्भाब्यता अध्यायन गरेको थियो। मातृभाषा अर्न्तगत ५ कक्षासम्म अध्ययनरत बिद्यार्थीहरुको संख्या हेर्दा राई बान्तवा बिद्यार्थीहरुको संख्या रहेकोले यहि भाषालाई छनौट गरिएको अध्यक्ष भण्डारीले बताए।

आईतबार बिहान बिद्यालयमा आयोजित मातृभाषा कक्षा सञ्चालन सम्बन्धि भाषा छनौट अन्तरक्रिया कार्यक्रममा उपस्थित बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई, बेलबारी ११ का वडाध्यक्ष बिक्रम बान्तवा राई, जनप्रतिनिधिहरु, बिद्यालय ब्यबस्थापन समिति, पूर्व प्रधानाध्यापकहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुले सो भाषा सञ्चालन हुनुपर्नेमा जोड दिएका छन्।

## विद्यालय शान्तिक्षेत्र सन्देश

समुदायमा हुने कुनैपनि सामाजिक, धार्मिक, सांस्कृतिक तथा अन्य गतिविधिका लागि विद्यालय बन्द नगरौ र नियमित पठन पाठनमा असर नपुऱ्याऔं ।

# विज्ञान/प्रविधि

## अन्तरिक्षमा कृतिम सूर्यग्रहण !

*युरोपेली अन्तरिक्ष एजेन्सी (ईएसए) को प्रोबा ३ मिसन आगामी सेप्टेम्बर महिनामा भारतको पिएसएलबी रकेट मार्फत् प्रक्षेपण गर्नका लागि तयार छ ।*

*उक्त नयाँ मिसनमा दुईवटा ससाना स्याटेलाइट, एउटा कोरोनाग्राफ र एउटा अकुल्टर रहेका छन् । जसले करीब १५० मिटरको दूरीमा उडान भर्नेछ ।*

*एजेन्सीका अनुसार यो मिसन एउटा कृत्रिम सूर्यग्रहणको सिर्जना गर्नका लागि दुईवटा उपग्रहको बीचमा उडान भर्नेछ । यसबाट सूर्यको धमिलो कोरोनाको नयाँ दृश्य सार्वजनिक हुनेछ ।*

*कृत्रिम सूर्यग्रहणका अतिरिक्त यो मिसनको उद्देश्य सौर्य कोरोना तथा सौर्य हावाको गतिशीलताको अध्ययन गर्नुपनि हो, जुन अन्तरीक्ष मौसमका घटनाहरुमा महत्वपूर्ण हुनेछ ।*

*प्रोबा थ्री मिसनमा दुईवटा साना परिष्कृत स्याटेलाइट छन् । जसलाई प्रष्ट रुपमा अन्तरीक्षमा एक फरक स्थितिका लागि डिजाइन गरिएको हो । एउटाले सूर्यको निरीक्षण गर्नका लागि कोरोनाग्राफका रुपमा काम गर्दछ भने दोश्रोले एउटा अकुल्टरको रुपमा काम गर्दछ जसले सूर्यको उज्यालो चमकलाई रोक्दछ ।*

*अकुल्टरले सूर्यको प्रकाशलाई रोक्नाले कोरोनाग्राफलाई एक पटकमा केही घण्टाका लागि धमिलो सौर्य कोरोनाको तस्वीर तयार गर्ने मौका उपलब्ध गराउँछ । अर्थात् यो एउटा कृत्रिम सूर्यग्रहण जस्तै हुनेछ ।*

*यो मिसनको पहिलो उद्देश्य भनेको सौर्यावलोकन हो । साथै यसले सटिक उडानको पनि प्रदर्शन गर्नेछ । जसले अधिक उत्कृष्ट अन्तरीक्ष मिसन सञ्चालनका लागि मार्ग प्रसस्त गर्नेछ ।*

*यसमा दुईवटा स्याटेलाईटको अलाइनमेन्ट १५० मिटरको दूरीमा केही मिलिमिटरको सीमाभित्र हुनेछ, जो अन्तरीक्षमा परिवर्तनलाई हेर्दा एक अविश्वसनीय उपलब्धि हुनेछ ।*

*प्रोबा थ्री मिसनको सफलता भविष्यको स्पेस टेलिस्कोप तथा इन्धन भर्ने मिसनका लागि अहम सावित हुनेछ । यो मिसनले वैज्ञानिकहरुलाई प्राकृतिक ग्रहणमा समेत सूर्यको कोरोनाको अध्ययन गर्न सहज बनाउने छ । जसले सौर्य अनुसन्धानका लागि निकै महत्वपूर्ण तथ्य उपलब्ध गराउनेछ ।*

*यो मिसनमा प्रयोग भएका दुईवटा स्याटेलाइटमध्ये एउटा कोरोनाग्राफको तौल ३४० केजी छ भने अकुल्टरको तौल २०० केजी छ । यो मिसनमा युरोपेली अन्तरीक्ष एजेन्सी र भारतीय अन्तरीक्ष एजेन्सीबीचको सहकार्यलाई पनि निकै महत्वपूर्ण मानिएको छ । -एजेन्सीको सहयोगमा*

# सरकारी सम्पत्ति हिनामिनाको आरोपमा चौधरी पक्राउ



**काठमाडौं ।** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले चौधरी ग्रुपका सदस्य एवं सीजी होल्डिङस् कम्पनीका अध्यक्ष एवं प्रबन्ध निर्देशक अरुण चौधरीलाई पक्राउ गरेपछि व्यापारिक समुदायमा खैलाबैला मच्चिएको छ । सरकारी सम्पत्ति हिनामिनाको आरोप लागेपछि प्रहरीले कसैलाई पनि छाड्ने रहेनछ भन्ने 'म्यासेज' यो घटनाले दिएको छ ।

सरकारी स्वामित्वमा रहेको बाँसबारी छाला जुत्ता कारखानाको १० रोपनी जग्गा हडपेर चाँदबाग स्कुल चलाइरहेको चौधरी ग्रुपले अहिलेसम्म सत्ता र शक्तिको आडमा स्थानीयवासीको आवाज सुनेको थिएन । सोही जग्गा हडपेको विषयमा अनुसन्धानका लागि प्रहरीले अरुण चौधरीलाई समातेको जनाएको छ ।

पक्राउ परेका चौधरी कांग्रेस सांसद विनोद चौधरीका भाइ हुन् ।

चीन सरकारले खोलिदिएको बाँसबारी छाला जुत्ता कारखाना सरकारी लापरवाही र भ्रष्टाचारका कारण बन्द भएको थियो । कारखानाका नाममा रहेको ८३ रोपनी जग्गामध्ये ६ रोपनी जग्गा ०४३ सालमा च्याम्पियन फुटवेयर लिमिटेड कम्पनीका नाममा बिक्री भएको थियो । त्यही सिलसिलामा मालपोत कार्यालयले मिलाएर कम्पनीलाई १० रोपनी जग्गा कौडीको भाउमा उपलब्ध गराएको थियो । त्यो फुटवेयर कम्पनीका सञ्चालक चौधरी ग्रुपका पारिवारिक सदस्य विनोदकुमार चौधरी, लुनकरणदास चौधरी, बसन्त चौधरी, महेशकुमार अग्रवाल, गंगादेवी चौधरी र अरुणकुमार चौधरी लगायत थिए ।

त्यही कम्पनीको नाममा सारिएको १० रोपनी जमिनमा अहिले चाँदबाग स्कुल चलिरहेको छ ।

यसैबीच, गृहमन्त्रालय स्रोतले सरकारी जग्गा हडपिरहेका अन्य शक्तिशाली व्यक्तिहरुमाथि पनि कारवाही अगाडि बढाइने जनाएको छ । यो कार्यको सुरुवात चौधरी ग्रुपबाट थालिएको स्रोतको भनाइ छ ।

बाँसबारी जग्गा प्रकरण

बाँसबारी छाला तथा जुत्ता कारखानाको जग्गा हिनामिना गर्दा चौधरी समूहले पब्लिक कम्पनी बनाउने समझदारी गरी निजी कम्पनी बनाएर ठगी गरेको प्रहरीले जनाएको छ । सरकारी कम्पनीलाई च्याम्पियन फुटवेयर कम्पनीमा सेयर हाल्न लगाउँदा २४ प्रतिशत सर्वसाधारणलाई दिने भनेर समझदारी गरेकोमा त्यो सेयरको विवरण नै भेटिएको छैन ।

जुत्ता उत्पादनमा सरकारी कम्पनीलाई सहयोग गर्न भन्दै च्याम्पियन फुटवेयरले प्रस्ताव गरी १० रोपनी जग्गा लिएको थियो । सो कम्पनीमा चौधरी परिवारको ५१ प्रतिशत, बाँसबारी कारखानाको २५ र बाँकी २४ प्रतिशत सर्वसाधारणलाई दिने भनेर पब्लिक कम्पनी बनाउने समझदारी भएको थियो ।

तर, जग्गा लिएपछि सो कम्पनीका सञ्चालकहरूले पब्लिक कम्पनीलाई किर्ते गरी निजी कम्पनी बनाएको सिआइबीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) दिनेश आचार्यले बताए । सिआइबीले चौधरी समूहका व्यवसायी अरुण चौधरी, तत्कालीन छाला तथा जुत्ता कारखानाका अध्यक्ष अजितनारायणसिंह थापा र हाल व्यवसायी चौधरीका साझेदार सञ्जय ठाकुरलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । सो जग्गामा हाल चौधरी समूहले चाँदवाग विद्यालय सञ्चालन गर्दै आएको छ ।

सरकारी कम्पनीलाई ठगी गरी त्यहाँको १० रोपनी जग्गा हत्याएको आरोपमा प्रहरीले अनुसन्धान गरेको हो । तीन महिनाभन्दा लामो अनुसन्धानपछि आरोपीलाई पक्राउ गरिएको सिआइबीले जनाएको छ ।

सुरुमा सस्तो मूल्यमा ६ रोपनी जग्गा सो कम्पनीले लिएको र पछि सेयरबापत थप चार रोपनी लिएको थियो । तर, तीन वर्षमै च्याम्पियन फुटवेयर बन्द भएको थियो । ०५४ मा चौधरीले नै बाँसबारी कारखानाको २५ प्रतिशत सेयर पनि हात पारी कम्पनीको नाम परिवर्तन गरेका थिए । जसमा जालसाजी भएको प्रहरी दाबी छ । सिआइबीले शुक्रबार पत्रकार सम्मेलन गरी सो जग्गा प्रकरणबारे सार्वजनिक गरेको हो ।

सरकारी जग्गा बेचबिखन गर्ने कुनै अधिकार नभए पनि तत्कालीन अध्यक्ष थापाले चौधरी समूहको प्रभावमा परी कानुनविपरीतको निर्णय गरेको प्रहरी दाबी छ । प्रहरीले किर्ते र ठगीसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ । देशका प्रभावशाली व्यापारी पक्राउ परेपछि सकेसम्म मुद्दा नचलाउने र चलाएपछि केही दिनभित्रै अनुसन्धान टुंग्याउन विभिन्न निकायबाट सिआइबीमाथि दबाब परेको छ ।

## जनप्रतिनिधिको ...

*अध्यक्षको कोठा खोल्न भन्नुभयो र बाध्य भएर मैले खोलेको हुँ ।'*

*अध्यक्षले आफ्नो कार्यकक्षमा आउनेलाई उपाध्यक्षले फुटाएको सिसा भनेर प्रचार गरेपछि उपाध्यक्षले मौका छोपेर सिसा फेरेका थिए । सोहि प्रकरणमा आफ्नो अनुमतिविना कार्यकक्षको ढोका खोलेको भन्दै कार्यालय सहयोगी भट्टराईलाई अध्यक्ष इङनामले निलम्बन गरेकी हुन् । कानेपोखरीमा अध्यक्ष, उपाध्यक्षसहित बहुमत वडाध्यक्ष नेकपा एमालेका छन् । एउटै पार्टीबाट निर्वाचित भएका जनप्रतिनिधिबीच बोलचाल नै बन्द हुने अवस्था रहेको छ । उपाध्यक्ष अधिकारीले भने अध्यक्षसँग सल्लाह नै गरेर सिसा फेर्ने सहमति भएको दावी गर्दै कुनै कर्मचारीलाई कार्वाही नगरिएको दावी गरेका छन् ।*

*गाउँपालिकाका प्रवक्ता सुशील बुढाथोकीले कार्यालय सहयोगीलाई निलम्बन गरेको भएपनि निश्कासन नगरेको बताए । 'अध्यक्षको निर्देशन नमानेपछि सस्पेन मात्रै गरिएको हो,' उनले 'औषधि नखाने छोराछोरीलाई कहिलेकाहिं बाउआमाले झापड पनि हान्नुपर्ने हुन्छ । भएको त्यति मात्रै हो ।'*

*गाउँपालिकाको सेकेन्डम्यानले आफ्नो अभीष्ट पुरा गर्नका लागि सामान्य कर्मचारीलाई दबाब दिएको आरोप अध्यक्षानिकटका वडाध्यक्षहरूको छ । सूचनाको हकका अभियन्ता विराटनगरका राजु श्रेष्ठले यस विषयमा सुचना मागेका थिए । तर, गाउँपालिकाको कार्यालयले उनलाई दिएको जबाफमा सिसा फुटेको कारण थाहा नभएको उल्लेख गरेको छ ।*

*उपाध्यक्ष अधिकारीले सिसा फोरेपछि झन् विवाद बढ्दै गएपछि अध्यक्ष इङनामसँग माफी मागेको स्रोतले जनाएको छ । पालिकाको केन्द्र ५ नम्बर वडामा सार्ने कि ६ नम्बर वडामै राख्ने भन्ने विषयमा विवाद बढ्दा अध्यक्ष र उपाध्यक्षबीच तनाब भएको अन्य जनप्रतिनिधिहरू बताउँछन् । गत वैशाखदेखि पालिकाको केन्द्र सार्ने विषयमा विवाद भएको थियो ।*

पृष्ठ १ बाट जारी

## नेप्टी दर्जीले ...

*नागरिकता हस्ताण्तरण गरियो ।*

*यसरी एक असाहाय आमालाई नागरिकता दिलाउन सफल भएपछि लेटाङ नगरपालिकाका प्रमुख भुपेन्द्रकुमार लावतीले सबैलाई धन्यवाद दिए ।*

*सहायक प्रमुख जिल्ला अधिकारी साहले समेत नेपालको संविधान २०७२ ले दिएको अधिकारका आधारमा नेप्टी दर्जीलाई नागरिकता दिईएको र यसलाई नयाँ संविधानको उपलब्धीको रुपमा लिन सकिने बताए ।*

*कार्यक्रममा उपस्थित भएका सबै महानुभावहरुले गहभरि खुसीका आसु सहित नेप्टी दर्जीलाई नागरिकता दिलाउन महत्वपूर्ण भूमिका खेल्ने वडा अध्यक्ष, प्रमुख जिल्ला अधिकारी लगायतलाई धन्यवाद दिए ।*

*अव नेप्टी दर्जीले राज्यले दिने सेवा सुविधा पाउनुहुनेछ भने अर्काकोमा मागेर खानुपर्ने बाध्यता समेत हटेको छ ।*

# सुरक्षित आप्रवासनका विषयमा अन्तरक्रिया

**जमर्को संवाददाता**

**उर्लाबारी ।** सुरक्षित आप्रवासन सम्बन्धी परियोजना सामीले उर्लाबारी नगरपालिकामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सोमबार नगरपालिकाका विषयगत शाखाहरुसँग सुरक्षित आप्रवासनका विषयमा अन्तरक्रिया गरिएको हो ।

उर्लाबारी नगरपालिकाकी उपप्रमुख मीना खतिवडा पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सामी हेल्बेटासका कार्यक्रम अधिकृत डीएन चौधरीले वैदेशिक रोजगार सम्बन्धमा स्थानीय सरकारको जिम्मेवारी, वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्रले पहिचान गरेका सवाल, वैदेशिक रोजगारीका चुनौती लगायतका विषयमा जानकारी गराएका थिए ।

यस्तै, सीएमसीकी पूजा सेढाईंले मनोसामाजिक परामर्श, डिप्रोक्स नेपालका क्षेत्रीय संयोजक किरण दाहालले वित्तीय साक्षरता तथा सामी कार्यक्रम मोरङका संयोजक दिपक राउतले उर्लाबारीमा अर्धवार्षिक अवधिमा सामीले गरेका कार्यहरुको प्रगति विवरण प्रस्तुत गरेका थिए । इलाका प्रशासन कार्यालय उर्लाबारीमा रहेको आप्रवासी स्रोत केन्द्रबाट सूचना तथा परामर्श सेवा अन्तर्गत ७०५ जना तथा रिटर्नी स्वयमसेवकमार्फत २ हजार १६९ जनालाई परामर्श दिइएको राउतले जानकारी दिएका छन् । सामी कार्यक्रम अन्तर्गत उर्लाबारीका वडा नं. २, ३, ४ र ५ का १०२ जनालाई वित्तीय साक्षरता कक्षा सञ्चालन भइरहेको सामीको वित्तीय साक्षरता सहजकर्ता तिलक नेपालीले बताएका छन् ।

सो अवसरमा वैदेशिक रोजगारको अवस्था, त्यहाँ हुने समस्या र सामी परियोजनाले खेलिरहेको भूमिकाका विषयमा छलफल समेत गरिएको थियो । सामी परियोजना मार्फत सूचना केन्द्र, सीपमूलक तालिम, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सहयोग तथा पूनः एकीकरण अभियानलाई कसरी प्रभावकारी रुपमा अघि बढाउन सकिन्छ भन्ने विषयमा पनि छलफल भएको छ ।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत मुरारीप्रसाद घिमिरे, विभिन्न विषयगत शाखाका प्रमुखहरुलगायतका सहभागिता रहेको थियो । सुरक्षित आप्रवासन (सामी) कार्यक्रम मोरङमा उर्लाबारीसहित विराटनगर महानगरपालिका, रंगेली नगरपालिका र कानेपोखरी गाउँपालिकामा सञ्चालित छ ।


## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

–सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
–तीव्र गतिमा सवारी साधन नचलाऔं,
–तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुर्‍याऔं,
–सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
–तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
–सवारी साधन पूर्ण रुपमा रोकिसकेपछि मात्र विद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
–विद्यार्थीहरु सिटमा बसिसकेपछि मात्र सवारी साधन गुडाऔं,
–विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ध्यान दिऔं,
–सवारी साधनमा सह-चालक अनिवार्य राखौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## हात्तीको आक्रमणबाट बच्ने सम्बन्धि सूचना

घुमन्ते जंगली हात्तीको बथान हाल मोरङका विभिन्न वन क्षेत्रमा डुलिरहेको र गाउँबस्तीमा पसी घरगोठ, बारबेरा, बालीनाली, अन्नपात आदिमा क्षति पुर्‍याइरहेको अवस्था छ । यस बेलामा हात्तीबाट आफ्नो जनधनको सुरक्षा गर्न निम्न सतर्कताहरु अपनाऔं :

–साथमा साना बच्चा भएमा वा भाले हात्तीलाई मात चढेको बेला हात्ती बढी आक्रामक हुने भएकोले हात्तीको नजिक नजाने ।
–हात्तीलाई नजिस्क्याउने र हात्तीको शरिरमा क्षति नपुर्‍याउने ।
–वन जंगलमा जाँदा एक्लै नजाने ।
–बस्ती र जंगल जोडिएको स्थानमा राती बत्ती बालेर उज्यालो बनाउने र आगो वा राँको बाल्ने ।
–साइरन, बाजा वा डि जे मा कर्कश ध्वनी बजाएर भगाउने ।
–हात्तीसँग जम्काभेट भएमा आफुसित भएको सामान जस्तै टोपी, झोला, लुगा फ्याक्ने र विस्तारै पछि हटेर भाग्ने ।
–हात्तीले लखेट्दा पुल, पुलेसा तरेर भाग्ने, दलदल वा हिलो, ढुंयान वा बगर तिर भाग्ने, अलि छड्के परेर ओरालो तिर भाग्ने ।
–हात्तीले दौडेर लखेट्न लागे बाँगोटिङ्गो गरी दौडिने ।
–जुनसुकै बेलामा पनि हात्ती आउन सक्ने भएकोले सतर्क रहने ।
–हात्ती गाउँबस्तीमा पसेमा नजिकको प्रहरी, वन, उपभोक्ता समिति वा वडा कार्यालयमा तत्काल जानकारी गराई सहयोग गर्ने ।

**बसन्त हरियाली सामुदायिक वन उपभोक्ता समूह**, लेटाङ-९ जाँते, मोरङ

**सम्पर्क :**

होमनाथ सुवेदी (अध्यक्ष) ९८४२०१८८६४
नरेश मंग्राती (उपाध्यक्ष) ९८०५३३६३०१
भुमिका आले मगर (सचिव) ९८१०४९७१३१
आरती अधिकारी (कोषाध्यक्ष) ९८४२४६०८४२
पञ्चरत्न तिम्सिना (कार्यालय सचिव) ९८४२४६३९८३


**जमर्को साप्ताहिक प्रकाशनका लागि सल्लाहकारः** ध्रुबकुमार बराइली, **सम्पादक :** भोलाबहादुर श्रेष्ठ, **प्रवन्ध सम्पादक :** रामकुमारी राई, **प्रमुख संवाददाताद्वय :** अनिल श्रेष्ठ (विराटनगर : ९८४२२६२०४३), मणिराम दाहाल (सुन्दरहरैंचा : ९८४२२४०१६६), **संवाददाताः** बाबुराम मुडियारी (झोराहाट), **सम्पादक/प्रकाशक :** मोहनप्रसाद भट्टराई (९८४२०४७१४२) **प्रधान कार्यालय : पथरीशनिश्चरे-४ मोरङ ।**
E-mail: jamarkoweekly@gmail.com, journalistmohan2@gmail.com, jrmohan.brt@gmail.com, **मुद्रण** : मनकामना अफसेट प्रेस, पथरीशनिश्चरे, मोरङ (९८०३८३०५७७) ।